# हाम्रो सरावल




## सरावल गाउँपालिका

नवलपरासी (बसुप), लुम्बिनी प्रदेश

नेपाल

हाम्रो सरावल (आधारभूत तहको स्थानीय पाठ्यक्रम)

**प्रकाशक** : सरावल गाउँपालिका, नवलपरासी (बसुप)

**संस्करण:** पहिलो (२०८०)

**सर्वाधिकार** : सरावल गाउँपालिका

# प्राक्कथन

आजको २१ औं शताब्दीमा विद्यार्थीहरूले विश्व परिवेशमा भएका विषयवस्तुहरूको जानकारीसँगै स्थानीय परिवेशका बारेमा पनि जानकार हुन आवश्यक हुन्छ । स्थानीय परिवेश, रहनसहन, प्राकृतिक, धार्मिक तथा साँस्कृतिक स्रोतसाधनहरूको पहिचान गरी त्यसको महत्त्वलाई नबुझी शिक्षाको उद्देश्य पूरा हुन सक्दैन र तिनीहरूको दिगो संरक्षण पनि हुन सक्दैन । त्यसकारण यस सरावल गाउँपालिकाले स्थानीय आवश्यकताका विषयवस्तुहरूलाई समेटेर स्थानीय विषयको पाठ्यक्रम **हाम्रो सरावल कक्षा १-८, २०८०** निर्माण गरी प्रकाशनसँगै गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरूमा लागू गर्न लागेकामा मलाई अत्यन्तै खुसी लागेको छ ।

सरावल गाउँपालिकामा विभिन्न महत्त्वपूर्ण शैक्षिक, धार्मिक, सांस्कृतिक केन्द्र रहेको तथा बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाज भएकाले औपचारिक विद्यालय शिक्षामा यहाँको विषय समावेश गर्नु उपयुक्त देखिन्छ । यसका लागि स्थानीय स्तरमा व्यक्ति, समुदाय र सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरी स्थानीय सम्पदाको महत्त्वलाई शिक्षाको मूल धारमा ल्याउन गरिएको प्रयास उदाहरणीय रहेको छ । यस पाठ्यक्रमले आधारभूत तहमा (कक्षा १-८) अध्ययनरत विद्यार्थीलगायत स्थानीय समुदायलाई समेत आफ्नो पालिकाको प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा भाषिक सम्पदाहरूको संरक्षण र सम्वर्द्धन गर्दै भविष्यमा आइपर्न सक्ने प्रकोप र विपद्का असरहरू न्यूनीकरण गर्नसमेत अभिप्रेरित गर्नेछ भन्ने मैले विश्वास राखेको छु । स्थानीय पेसा, प्रविधि तथा सम्पदाको आवश्यकता र महत्त्वलाई बुझेर यस पाठ्यक्रमको लेखन तथा सम्पादनमा संयोजन गर्नुहुने गाउँपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा, प्रधानाध्यापक, बिषयगत शिक्षकहरू तथा सरोकारवालाहरूलाई धन्यवाद ज्ञापन गर्दछु । स्थानीय पाठ्यक्रमका लागि प्राविधिक सहयोग गर्ने नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्र, रुपन्देही तथा पाठ्यक्रमको ढाँचा निर्माण गरी मूर्त रुप दिन सहयोग पुऱ्याउने डा. शालिकराम पौड्याल, डा. प्रेमप्रसाद तिवारी र बलवन्त कुर्मीलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी उपाध्यक्ष बासमती चमार, प्रमुख प्रशासकीय अधिकृत दुर्गा पौडेलज्यू, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख प्रेमबहादुर थापा, वडाध्यक्षहरू विष्णुप्रसाद भट्टराई, शम्भुप्रसाद चौधरी, फिरंगी चौधरी, सुरेशप्रसाद यादव, लक्ष्मणप्रसाद चौधरी, छोटेलाल गुप्ता, हेयात खाँ धुनिया, कार्यपालिकाका सदस्यहरु, स्थानीय शिक्षाविद्, शिक्षाप्रेमी सम्पूर्ण महानुभावहरूले आआफ्नो क्षेत्रबाट पुऱ्याउनुभएको सहयोगप्रति आभार प्रकट गर्दछु । यस पाठ्यक्रम निर्माणको सुरुवाती चरणबाट अन्त्यसम्म सहभागी भई गहन अध्ययन गरी सुझाव दिनुभएकामा विषयविज्ञहरूप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा, यसमा कुनै कमीकमजोरी भएमा विज्ञ विद्वतवर्गको सुझावसहित आगामी दिनमा संशोधन गरिदै लगिने छ । साथै यो पाठ्यक्रम यस गाउँपालिकाका सम्पूर्ण विद्यालयहरूले प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कुरामा म विश्वस्त छु ।

सुखाडीप्रसाद चौधरी

अध्यक्ष

सरावल गाउँपालिका, नवलपरासी (बसुप)

**हाम्रो सरावल**

**स्थानीय विषयको पाठ्यक्रम**

**स्थानीय विषयको पाठ्यक्रम निर्माण समिति**

**अध्यक्ष**

सुखाडीप्रसाद चौधरी (गाउँपालिका अध्यक्ष)

**सदस्यहरू**

बासमती चमार (गाउँपालिका उपाध्यक्ष)

दुर्गा पौडेल (प्रमुख प्रशासकीय अधिकृत)

नारायण पाण्डे (लेखा अधिकृत)

सुरेशप्रसाद यादव(प्रवक्ता)

शम्भुप्रसाद चौधरी (सामाजिक विकास समिति, संयोजक)

**सदस्य सचिव**

प्रेमबहादुर थापा (शिक्षा शाखा प्रमुख)

**विज्ञसमूह**

डा. शालिकराम पौड्याल

डा. प्रेमप्रसाद तिवारी

बलवन्त कुर्मी

**सरावल गाउँपालिका**

**लुम्बिनी प्रदेश, नवलपरासी (बसुप)**

## विषयसूची

### पहिलो खण्ड

### प्रारम्भिक

१.१ परिचय

१.२ पाठ्यक्रमको परिचय

१.३ स्थानीय पाठ्यक्रमको परिचय

१.४ स्थानीय पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन

१.५ स्थानीय पाठ्यक्रमको औचित्य

१.६ स्थानीय पाठ्यक्रम निर्माणको प्रक्रिया

१.७ हाम्रो सरावल स्थानीय पाठ्यक्रमका लागि विषयक्षेत्र

१.८ स्थानीय पाठ्यक्रमको ढाँचा  सक्षमता

### दोस्रो खण्ड

### आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम

२.१ परिचय

२.२ विषयवस्तुको क्षेत्र र क्रम तथा विस्तृतीकरण

### तेस्रो खण्ड

### विधि, प्रक्रिया, मूल्याङ्कन र कार्यान्वयन

३.१ परिचय

३.२ शिक्षण सिकाइ सहजीकरण (विधि र प्रक्रिया)

३.३ स्थानीय पाठ्यक्रमका लागि प्रभावकारी विधिहरु

३.४ विद्यार्थी मूल्याङ्कन

३.५ समय निर्धारण (पाठ्यभार)

३.६ पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

३.७ पाठ्यक्रम परिमार्जन

अनुसूची

## १.१ परिचय

नेपालमा रहेका ७५३ स्थानीय तहमध्ये नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) जिल्लामा तीनओटा नगरपालिका बर्दघाट नगरपालिका, रामग्राम नगरपालिका, सुनवल नगरपालिका तथा चारओटा गाउँपालिका सुस्ता गाउँपालिका, प्रतापपुर गाउँपालिका, पाल्हीनन्दन गाउँपालिका र सरावल गाउँपालिका गरी सातओटा स्थानीय तह रहेका छन् । सरावल गाउपालिका चुरे पहाडदेखि भारतको सिमानासम्मको भूभाग ओगटेको अत्यन्तै सम्भावन बोकेको सुन्दर, उर्वरभूमि, औद्योगिक, कृषि, पर्यटन र व्यापारको प्रचुर सम्भावना रहेको क्षेत्र हो । साविक तिलकपुर, मनरी, सरावल, बडहरा दुबौलिया, रामपुर खडौना र भुजहवा गा.वि.स . मिलाएर सरावल गाउँपालिका गठन भएको हो । यसको केन्द्र साविक सरावल गा.वि.स. को कार्यालयमा रहेको छ । २०७८ को जनगणनाअनुसार यस पालिकामा ४२२०७ जनसङ्ख्या रहेको  छ । यस गाउँपालिकाको क्षेत्रफल ७३.१९ वर्ग कि. मि.  रहेको छ । यस गाउँपालिकको पूर्वमा प्रतापपुर र बर्दघाट नगरपालिका, पश्चिममा पाल्हीनन्दन गाउँपालिका र रामग्राम नगरपालिका, उत्तरमा बर्दघाट र सुनवल नगरपालिका, दक्षिणमा भारत पर्दछन् । जातीय, भाषिक र सांस्कृतिक विविधताभित्रको एकता विशेषताको रुपमा रहेको यस गाउँपलिकाको मुख्य पेसा कृषि भएपनि व्यापार, सरकारी, अर्धसरकारी र वैदेशिक रोजगारी आर्थिक स्रोतको रुपमा रहेको छ । यस पालिकामा सातओटा वडा छन् । सरावल गाउँपालिकामा रहेका सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सत्र २०८० बाट लागु हुने गरी स्थानीय पाठ्यक्रम विकास तथा तथा कार्यान्वयन मार्गदर्शन, २०७६ अनुसार स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ ।

## १.२ पाठ्यक्रमको परिचय

पाठ्यक्रम सिकाइको मार्गदर्शन हो । औपचारिक शिक्षाको मेरुदण्डको रूपमा रहेको विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम नेपालमा पाठ्यक्रम विकास केन्द्रले अन्तर्राष्ट्रिय र राष्ट्रियस्तरको परिवेश, राष्ट्रिय विषयवस्तु र आवश्यकता तथा स्थानीय विषयवस्तुलाई समेत समावेश गरी तयार गर्दछ । सिकाइको विस्तृत योजना नै पाठ्यक्रम हो । बालबालिकाहरूको सर्वाङ्गीण पक्ष (शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, सांस्कृतिक, आध्यात्मिक आदि) को विकासका लागि विद्यालयभित्र तथा बाहिरबाट विद्यार्थी हरूमा सिकाइका अनुभवहरू हासिल गराउन तयार पारिएका दस्तावेज, बृहत ्‍ योजनालाई पाठ्यक्रम भनिन्छ । एउटा कार्यक्रममा समावेश गरिएका र शैक्षिक उद्देश्य प्राप्तिका लागि विद्यालयभित्र वा बाहिरबाट सिकारुले प्राप्त गरेका सम्पूर्ण सिकाइ अनुभवहरू, औपचारिक शिक्षामा विद्यालयमा/कक्षामा शिक्षकद्वारा विद्यार्थीलाई पढाइने विषयलाई सहज, सरल र उद्देश्यपूर्ण बनाउन निश्चित समय र तहका लागि तयार गरिएको विषयवस्तु नै पाठ्यक्रमअन्तर्गत पर्दछ ।

के (विषय), किन (उद्देश्य), कसरी (विधि), कस्तो (उत्पादन) प्रश्नको समाधान पाठ्यक्रमले दिन्छ । विद्यार्थीलाई के पढाउने ? कति पढाउने ? किन पढाउने ? कसरी पढाउने ? यी प्रश्नहरूको उत्तर खोज्दा पाठ्यक्रमको अर्थ बुझिन्छ । पाठ्यक्रम भनेको शैक्षिक सडक हो, जहाँ शिक्षाले आफ्नो लक्ष्य भेट्न यात्रा गर्दछ । सैद्धान्तिक, व्यावहारिक तथा वैज्ञानिक ज्ञान, सिप र अभिवृत्तिको विकासका लागि गरिने सङ्गठित एवं व्यवस्थित शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ ।

सिकारुको शारीरिक, बौद्धिक, सामाजिक, नैतिक, आध्यात्मिक तथा सौन्दर्यात्मक विकासको आवश्यकताले पाठ्यक्रम निर्धारण गर्दछ । एक असल शिक्षकले पाठ्यक्रमसँगै पाठ्यपुस्तक र शिक्षक निर्देशिका, सन्दर्भ सामग्रीको समेत अध्ययन गरी पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरूलाई क्रमशः पूरा गराउन अपरिहार्य रूपमा पाठ्यक्रमको प्रयोग गर्नुपर्छ । पाठ्यक्रममा दिइएका प्रावधानअनुसार सिकाइ सहजीकरण

र मूल्याङ्कन क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीको सिकाइ उपलब्धि अधिकतम रूपमा हासिल गराउन सकिन्छ ।

शिक्षण सिकाइपश्चात् विद्यार्थीहरूमा विकास गरिनुपर्ने ज्ञान, सिप, धारणाहरूसम्बन्धी अपेक्षित प्रतिफल वा परिवर्तनलाई उद्देश्य भनिन्छ । पाठ्यक्रममा निर्धारित उद्देश्यका आधारमा शैक्षणिक क्रियाकलाप हुने भएकाले यसलाई शैक्षिक क्रियाकलाप कार्यक्रमको प्रारम्भिक बिन्दु भनिन्छ ।

**साधारण उद्देश्य** : साधारण उद्देश्यहरू ज्ञान, सिप प्राप्त गर्ने उद्देश्य हुन् र यस्ता साधारण उद्देश्यमा विशेष पक्ष किटान गरिएको हुँदैन । विषयको अन्त्यमा प्राप्त हुने शैक्षिक उपलब्धि/उद्देश्यहरूलाई साधारण उद्देश्य भनिन्छ । साधारण उद्देश्यलाई लामो समयको अन्तरालपश्चात् बृहत् रूपमा प्राप्त हुने उद्देश्यको रूपमा लिइन्छ । साधारण उद्देश्यको मापन गर्न सकिँदैन ।

**विशिष्ट उद्देश्य** : विशिष्ट उद्देश्य भनेका मापन र अवलोकन गर्न सकिने उद्देश्यहरू हुन् । यो यो र यस्ता यस्ता ज्ञान, सिप प्राप्त गर्न सक्ने छन् भनेर स्पष्ट रूपमा किटान गरिएका उद्देश्य विशिष्ट उद्देश्य हुन् । कुनै पाठ वा पाठ्यवस्तुको वा शिक्षणसिकाइको अन्त्यमा प्राप्त हुने व्यावहारिक उद्देश्यलाई विशिष्ट उद्देश्य भनिन्छ ।

**पाठ्यक्रमको क्षेत्र**

पाठ्यक्रमको क्षेत्र (क्अयउभ) भन्नाले विद्यार्थीको तह, रुचि र सक्षमताअनुसार तय गरिएको शैक्षिक विषयवस्तुको दायरा हो । विषयक्षेत्र भन्नाले पाठ्यक्रम वा यसको कुनै अङ्गले समेट्ने सम्पूर्ण तथ्य एवं क्रियाकलापको अनुभवको विस्तार र किसिम भन्ने बुझ्नुपर्दछ । विद्यार्थीको तह, कक्षा, स्तर, उमेर, शैक्षिक उद्देश्य आदि पाठ्यक्रमको क्षेत्र निर्धारणको मूल आधार हो ।

**पाठ्यक्रमको क्रम**

पाठ्यक्रमको क्रम भन्नाले विद्यार्थीहरूलाई दिइने शैक्षिक अनुभव तथा शिक्षणसिकाइका लागि छनोट गरिएका विषयवस्तुहरूको सिलसिला तथा सङ्गठनात्मक क्रम हो । अर्थात् शिक्षण सिकाइका लागि छानिएका विषयवस्तुको क्रमबद्ध सङ्गठन नै क्रम हो ।

- **उद्देश्यहरू** : तहगत र कक्षागत उद्देश्यका आधारमा शैक्षिक योजना, क्रियाकलाप वा कार्यक्रम तयार पारिने हुँदा उद्देश्यकै आधारमा पाठ्यक्रमका अन्य तत्त्वहरू निर्माण हुन्छन् ।
- **विषयवस्तु वा विषयसूची** : पाठ्यक्रमको उद्देश्यअनुरूप राष्ट्रले चाहेअनुसारको शैक्षिक जनशक्ति तयार नै पार्न शिक्षणसिकाइ गरी विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउने तत्त्व विषयवस्तु वा विषयसूची हो । यस अर्थमा विद्यालयमा पढाइने विषयहरूको ज्ञान, सिप र धारणालाई सामञ्जस्यपूर्ण ढङ्गले प्रस्तुत गर्न तयार पारिएको विषयवस्तुलाई नै पाठ्यक्रम भनिन्छ ।
- **शिक्षणसिकाइ क्रियाकलाप विधिहरू** : उद्देश्यअनुसारका विषयवस्तु छनोट गरेपछि त्यसको प्रस्तुतीकरण गर्ने माध्यमलाई विधि भनिन्छ । प्रभावकारी ढङ्गबाट विषयवस्तु प्रस्तुत गर्न शिक्षक, विद्यार्थी, पाठ्यवस्तु तथा शैक्षिक सामग्रीको योजनाबद्ध र नियन्त्रित सम्बन्धबाट शिक्षणविधि चयन गरिन्छ । विषयवस्तुअनुसार शिक्षक वा विद्यार्थीलाई सक्रिय बनाई निर्धारित सिकाइ उपलब्धि हासिल गराउने माध्यम पनि शिक्षण विधि नै हो ।

- **मूल्याङ्कन :** शैक्षिक कार्यक्रमको समाप्तिपछि उद्देश्य पूरा भए नभएको लेखाजोखा गर्न गरिने कार्य मूल्याङ्कन हो ।

## १.३ स्थानीय पाठ्यक्रमको परिचय

स्थानीय पाठ्यक्रम सिकारुहरू आफ्नै भाषा, संस्कृति, सम्पदा तथा वातावरणका बारेमा सिक्ने अवसर पाऊन तथा सिक्नका लागि प्रोत्साहित होऊन् भन्ने कुराको सुनिश्चितताका लागि स्थानीय तहबाट विकास गरिएको पाठ्यक्रम हो । यसबाट उनीहरूले घरको जीवन र विद्यालयको वातावरणमा सामञ्जस्य अनुभूत गर्ने छन् । सामान्यतया कुनै पनि देशमा सबै विद्यार्थीका लागि मूल सिकाइ उद्देश्यहरू किटान गरिएका एउटा राष्ट्रिय पाठ्यक्रम हुन्छ तर विभिन्न क्षेत्रले प्रयोग गर्ने गरी कुनै स्थानीय पाठ्यक्रमको व्यवस्था भएको हुन सक्छ । स्थानीय पाठ्यक्रमहरू राष्ट्रिय पाठ्यक्रम (मूल) को पूरकका रूपमा रहेका हुन्छन् । यसले राष्ट्रिय उद्देश्यलाई नै योगदान गरेका हुन्छ । स्थानीय पाठ्यक्रम पुरै फरक प्रकारको पाठ्यक्रम होइन । एउटा राम्रो पाठ्यक्रमले उही सिद्धान्त अवलम्बन गर्नुपर्छ र मूल सिकाइ उपलब्धिससँग तादात्म्य हुने गरी सिकारुका लागि सिकाइ उपलब्धिहरू निर्धारण गर्नुपर्छ ।

स्थानीय पाठ्यक्रमको विकास तथा विकास तथा कार्यान्वयनका लागि स्थानीय तहका सरकारी निकायहरुका लागि अभिमुखीकरण निर्देशिका २०७७ मा स्थानीय पाठ्यक्रम लेखन तथा निर्माणका लागि दिएको सुझावलाई यहाँ प्रस्तुत गरिएको छ ।

स्थानीय सरोकारवालाहरूको संलग्नतामा स्थानीय आवश्यकताका विषयवस्तु समावेश गर्ने गरी स्थानीय पाठ्यक्रमको प्रावधानसहित यसको विकास र कार्यान्वयन सर्वप्रथम प्राथमिक पाठ्यक्रम, २०६२ ले गरेको थियो । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०६८ ले स्थानीय पाठ्यक्रमको परिभाषा यसप्रकार गरेको छ : "स्थानीय पाठ्यक्रम स्थानीय सरोकारवालाहरूका आवश्यकता र चाहनालाइ आधार बनाई स्थानीय विषयवस्तुलाई समावेश गरी उनीहरूकै संलग्नतामा विकास गरिन्छ । कुनै पाठ्यक्रमले स्थानीय ज्ञान, सिप तथा तथा प्रविधिलाई समावेश गर्छ भने त्यसलाई स्थानीय पाठ्यक्रम भन्न सकिन्छ । यसले स्थानीयतामा जोड दिन्छ ।"

नेपाल भौगोलिक, सामाजिक, आर्थिक, जैविक, भाषिक, सांस्कृतिक र धार्मिक रूपले विविधतायुक्त देश हो । हरेक परिवेशको आवश्यकता र विषयवस्तुलाई राष्ट्रिय पाठ्यक्रमले समेट्न नसक्ने र हरेक स्थानीय तहको आ-आफ्नै विशिष्ट पहिचान एवं विविधता हुन्छ भन्ने अवस्थालाई दृष्टिगत गर्दै स्थानीय पाठ्यक्रम निर्माणको अवधारणा अघि सारिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा आधारभूत पाठ्यक्रम, २०७६ ले आधारभूत तह (कक्षा १-८) सम्म स्थानीय विषय पठनपाठन गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय पाठ्यक्रमका सम्बन्धमा प्राथमिक शिक्षा पाठ्यक्रम, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा यथाशक्य कम लागतमा तयार गरिएको पाठ्यक्रम हो । स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु, स्थानीय सहभागिता र स्थानीय विज्ञता स्थानीय पाठ्यक्रमका मुख्य अवयव हुन ।

## १.४ स्थानीय पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा २०७६ सालमा तयार पारिएको स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन मार्गदर्शन २०७६ (मातृभाषा सहित) समेतले राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लाई आधार मानेर स्थानीय विषयको

पाठ्यक्रम निर्माण र लागु सम्बन्धी मार्गदर्शन प्रदान गरेको छ । स्थानीय पाठ्यक्रमको विकास तथा विकास तथा कार्यान्वयनका लागि स्थानीय तहका सरकारी निकायहरुका लागि अभिमुखीकरण निर्देशिका २०७७ मा स्थानीय पाठ्यक्रम लेखन तथा निर्माणका लागि दिएको सुझावलाई यहाँ प्रस्तुत गरिएको छ ।

स्थानीय पाठ्यक्रमको विकास गर्ने सन्दर्भमा 'स्थानीय आवश्यकता', 'स्थानीय विषयवस्तु', 'स्थानीय विज्ञहरूको संलग्नता' जस्ता सिद्धान्तको अनुसरण गर्दै आइएको छ । पाठ्यक्रम विकास केन्द्रले स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन गर्न तथा विषयका रूपमा स्थानीय मातृभाषामा पठनपाठन गर्न स्थानीय सरकारका निकायहरूलाई सघाउने लक्ष्यका साथ 'स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६' को विकास गरेको छ । यस दस्तावेजले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि एउटा एउटा रूपरेखा प्रदान गर्छ । यसभित्र सन्दर्भ, स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनको प्रक्रिया, सम्भाव्य विषय क्षेत्र, नीतिगत प्रावधानहरू तथा विभिन्न निकायका उत्तरदायित्वहरू समाविष्ट छन् । विद्यालय पाठ्यक्रमका सम्बन्धमा भएको नयाँ राष्ट्रिय नीतिका अनुसार विद्यालयहरूलेसम्बन्धित स्थानीय सरकारसँगको समन्वय, सहयोग र स्वीकृतीमा कक्षा १-३ का लागि ५ पाठ्यभार भएका र कक्षा ४-८ का लागि ४ पाठ्यभार भएको छुट्टै स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन गर्नुपर्ने छ । विद्यालय शिक्षा विविधतायुक्त जनसङ्ख्या र स्थानीय समुदायको आवश्यकतासँग सान्दर्भिक होस् भनी यो प्रावधान गरिएको हो । सङ्घीय संरचनाअन्तर्गत अभिभावक, स्थानीय विज्ञ, शिक्षक तथा अन्य सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरी स्थानीय पाठ्यक्रमको विकास गर्ने सम्पूर्ण जिम्मेवारी स्थानीय स्थानीय सरकारहरूलाई हस्तान्तरण गरिएको छ । स्थानीय सरकारहरूलाई स्थानीय सन्दर्भ र आवश्यकताका आधारमा विषयवस्तुको छनोट गर्ने पूर्ण स्वायत्तता प्रदान गरिएको छ । यस प्रावधानले विद्यालय शिक्षालाई स्थानीय परिप्रेक्ष्यसँग झनै सान्दर्भिक बनाउन मदत गर्नुका साथै स्थानीय आवश्यकता पूरा गर्ने तथा जनतामा आफ्नो विद्यालयप्रतिको अपनत्वको भावना बढाउने छ । यसले स्थानीय परम्परा, संस्कृति तथा जनजीविकाका अभ्यासहरूका संरक्षण र र प्रवर्धन गर्न मद्दत गर्ने छ । यस निर्देशिकाले स्थानीय पाठ्यक्रममा निम्नलिखित तीन पक्ष हुनुपर्छ भनी स्पष्ट गरेको छ ।

१. स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकतामा आधारित र सन्दर्भसँग संवेदनशील हुनुपर्छ । स्थानीय पाठ्यक्रम विकासको प्रक्रियामा स्थानीय विज्ञ, अभिभावक, शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूसँग छलफल तथा परामर्शको आयोजना गरी स्थानीय आवश्यकताको पहिचान गर्नु महत्वपूर्ण हुन्छ । सुविधाविहीन जनजाति तथा जातीय समूह तथा स्थानीय भाषिक समुदायको प्रतिनिधित्व हुनुपर्ने कुरामा ध्यान दिनुपर्छ साथै महिला तथा बालिकाहरूको संलग्नतालाई अनिवार्य गर्नुपर्छ । अपाङ्गता भएका व्यक्तिहरूलाई संलग्न गर्ने र उनीहरूसँग पनि परामर्श लिने प्रयत्न गर्नुपर्छ ।

२. स्थानीय पाठ्यक्रमले स्थानीय विषयवस्तुलाई समावेश गर्नुपर्छ । स्थानीय पाठ्यक्रमका विषय विषय वस्तुमा स्थानीय ज्ञान, सिप तथा प्रविधि समावेश भएको हुनुपर्छ । एक वा एकभन्दा बढी स्थानीय मातृभाषा, स्थानीय संस्कृति, स्थानीय इतिहास, स्थानीय कला तथा शिल्प पेसा, स्थानीय तथा आदिबासी खाना र बाली तथा जीविकोपार्जनका अभ्यासहरू यसका विषयवस्तु हुनुपर्छ ।

३. यसले स्थानीय सहभागिता सुनिश्चित गर्नुपर्छ र स्थानीय विज्ञहरूलाई प्रयोग गर्नुपर्छ । स्थानीय पाठ्यक्रमको विकासमा स्थानीय समुदायका मानिसहरूको सहभागिता सुनिश्चित हुनु अनिवार्य छ । आवश्यक जानकारी तथा सुझावहरू सङ्कलन गर्न, स्रोतहरूको परिचालन गर्न तथा पाठ्यक्रम विकास गर्न स्थानीय विज्ञहरूलाई प्रयोग गर्नुपर्छ । विशेष गरी, यस निर्देशिकाले स्थानीय पाठ्यक्रमको विकास गर्न निम्नलिखित बुँदाहरू सिफारिस गरेको छ :

- स्थानीय रूपमा अभिव्यक्त रुचि तथा आवश्यकताहरूमा जोड दिने
- स्थानीय सन्दर्भ र विषयवस्तुहरूलाई आधार बनाउने
- स्थानीय स्तरमा नै स्थानीय समुदायका व्यक्तिहरूद्वारा विकास गर्ने
- स्थानीय जनशक्ति तथा भौतिक स्रोतहरूको उपयोग गर्ने
- स्थानीय सरोकारवालाहरूद्वारा पाठ्यक्रमको स्वामित्व लिन प्रोत्साहित गर्ने
- स्थानीय पाठ्यक्रमले कसरी पहुँच, समावेशिता र सिकाइको वृद्धि गर्छ भन्ने कुरामा केन्द्रित हुने विद्यालय र  समुदायबिचको बढ्दो सम्बन्धलाई सघाउने
- सिकाइका लागि कम खर्च लाग्ने र खर्च नलाग्ने स्थानीय उपलब्ध सामग्रीको प्रयोगलाई प्रोत्साहित गर्ने, त्यसभन्दा पनि बढी सिकाइमा स्थानीय प्राकृतिक तथा सांस्कृतिक वातावरणका प्रत्यक्ष प्रयोग गर्ने र यसलाई कक्षाकोठाको पढाइसँग आबद्ध गर्ने
- विभिन्न सरोकारवालाहरूबिचको सक्रिय सहभागिता तथा सहकार्यमा सघाउने ।

स्थानीय सरकारहरूले मातृभाषामा आफ्नै पाठ्यक्रमको विकास गर्न सक्छन् वा पाविकेले विकास गरेका मातृभाषाका पाठ्यक्रम/पाठ्यपुस्तक अपनाउन सक्छन तर स्थानीय तहबाट स्वीकृत हुनुपर्छ । जहाँ मातृभाषामा आधारित बहुभाषी शिक्षाको अनुसरण गरिएका गरिएको छैन, त्यहाँ मातृभाषालाई विषयका रूपमा लिन प्रोत्साहित गरिन्छ तर यसका लागि व्यापक सहमतिको आवश्यकता पर्छ । स्मरणीय के छ भने स्थानीय पाठ्यक्रमको कुनै पनि अंशलाई अङ्ग्रेजी माध्यमबाट पढाउन वा स्थानीय माध्यमबाट पढाउन वा स्थानीय पाठ्यक्रमका लागि छुट्याइएको समयमा यसलाई अन्य विषयका रूपमा सिकाउन सिकाउन अनुमति छैन ।

### १.५ स्थानीय पाठ्यक्रमको औचित्य

स्थानीय पाठ्यक्रम स्रोत सामग्री, २०६७ ले “विश्वव्यापी रूपमा सोच राखी स्थानीय रूपमा कार्यान्वयनमा ल्याऊ” भन्ने मध्यमार्गी र समन्वयकारी अवधारणालाई मूर्त रूप दिनका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता रहेको तथ्यलाई जोड दिएको छ । गुणस्तरीय शिक्षाको महत्त्वपूर्ण आयामका रूपमा पाठ्यक्रमका विषयवस्तुलाई सान्दर्भिक गराउनुपर्छ जुन कार्यका लागि स्थानीय पाठ्यक्रम प्रभावकारी मानिन्छ । यसर्थ विभिन्न स्थानीय, सांस्कृतिक, सामाजिक सन्दर्भअनुसार स्थानीय पाठ्यक्रम निर्माणको कार्यलाई प्रोत्साहन गर्नुपर्छ । पाठ्यक्रमको स्थानीयकरणले केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु, पक्ष, समावेशीकरण, सहभागिता, निर्णय प्रक्रिया, जनअपेक्षा आदिले स्थान  पाउँछन् । स्थानीय पाठ्यक्रमले परम्परागत ज्ञान, सिप स्थानीय ज्ञानको उजागर गर्दछ । यसले स्थानीय ज्ञानको खोजी गर्दछ र नवीनतम ज्ञान एवम् सिपको विकासमा सहयोग पुऱ्याउँछ । स्थानीय मूल्य, मान्यताको संरक्षण र संवर्द्धनमा सहयोग पुऱ्याउनुका साथै तिनको हस्तान्तरणमा समेत यसले योगदान पुऱ्याउँछ । पाठ्यक्रमको स्थानीयकरणले शिक्षकको क्षमता र दक्षता अभिवृद्धि गराउने, विद्यालयको पाठ्यक्रम निर्माण गर्ने संस्थागत क्षमता विकास हुने, समुदाय र विद्यालयको सम्बन्ध सुधार हुने र अभिभावकले समेत पाठ्यक्रम निर्माण र कार्यान्वयनमा चासो राख्ने तथा स्थानीय सरोकारवालाको पाठ्यक्रम निर्माण, कार्यान्वयनदेखि अनुगमन मूल्याङ्कनसम्मका कार्यमा सक्रिय सहभागिता अभिवृद्धि गर्दछ ।

हरेक स्थानीय तहको आ-आफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम् साँस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ । केन्द्रीय तहमा तयार गरिने पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सिप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय

परिवेशअनुसारको ज्ञान र सिप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न आवश्यक भएकोले र संवैधानिक तथा नीतिगत रूपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले स्थानीय तहले स्थानीय पाठ्यक्रम तयार गर्नुपर्ने हुन्छ । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले अझ स्पष्ट पार्दछन् :

(क) स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण तथा संवर्धन गर्न ।

(ख) स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्न ।

(ग) स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउन ।

(घ) भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।

(ङ) स्थानीय तहको ज्ञान, सिप र प्रविधिलाई उजागर गर्न ।

(च) परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई संरक्षण, संवर्धन र विकास गर्न सहयोग पुऱ्याउन

(छ) स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्न ।

(ज) सभ्य र सुसंस्कृत समाजको निर्माणमा सहयोग गर्न ।

### १.६ स्थानीय पाठ्यक्रम निर्माणको प्रक्रिया

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तहमा एउटा विषयका रूपमा स्थानीय विषय वा मातृभाषाको पाठ्यक्रम स्थानीय तहले तयार गरी पठनपाठन गराउनुपर्ने व्यवस्था गरेको छ । यी सबैले निर्दिष्ट गरेका व्यवस्थाका साथै स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले निर्दिष्ट गरेका प्रावधानलाई समेत अँगाल्दै यो पाठ्यक्रम विकास गरिएको छ । पाठ्यक्रम निर्माण कार्य प्राज्ञिक मात्र नभएर प्राविधिक पनि भएकाले यो पाठ्यक्रम निर्माण गर्दा निम्न प्रक्रिया अपनाइएको छ : सरावल गाउँपालिका र यसअन्तर्गतका विषयवस्तुको आवश्यकता पहिचान तथा प्राथमिकीकरणका लागि प्रश्नावली तयार गरी जनप्रतिनिधि, समाजसेवी, प्राध्यापक, शिक्षक, विद्यार्थी, विभिन्न सङघसंस्थाका प्रतिनिधिहरूसँग बृहत् अन्तरक्रिया गरी प्रश्नावली भर्न लगाई सोको अध्ययनपश्चात विषयवस्तुको प्राथमिकीकरण गरिएको छ । त्यसैगरी विभिन्न ठाउँको अध्ययन भ्रमण, अन्तरक्रिया, भेटघाट र छलफलबाट प्राप्त जानकारीलाई समेत उपयोग गरिएको छ । यस पाठ्यक्रमलाई सकेसम्म बाल मनोविज्ञानमा आधारित, बालबालिकाको कक्षा र तहअनुसारको क्षमता र स्तरका आधारमा र स्थानीय परिवेश अनुकुल व्यावहारिक एवं सान्दर्भिक र जीवनोपयोगी बनाउने प्रयास गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा भएको प्रावधानअनुसार स्थानीय तहले विद्यालय तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न पाउने व्यवस्था गरेको छ । वि.सं. २०८० देखि हाम्रो सरावल स्थानीय पाठ्यक्रम सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयमा : कक्षा १-८ सम्म लागु हुने छ । आधारभूत तहको पाठ्यक्रमअन्तर्गत कक्षा १–३ मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ५ पाठ्यघण्टा

अर्थात् वार्षिक १६० कार्यघण्टा छुट्याइएको छ भने ४–८ कक्षामा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ४ पाठ्यघन्टा अर्थात् वार्षिक १२८ कार्यघण्टा छुट्याइएको छ । पाठ्यक्रममा स्थानीय ज्ञान, सिप, सिर्जना तथा मूल्य मान्यताको विकास गर्नको लागि अन्तरक्रिया, प्रदर्शन, परियोजना तथा प्रयोगात्मक क्रियाकलाप वा गरेर सिक्ने खालका क्रियाकलाप र सिकाइ अनुभवहरूको प्रतिबिम्बन जस्ता विधि र प्रक्रियाबाट सिकाई सहजीकरण गर्नुपर्ने पक्षलाई जोड दिइएको छ । विद्यार्थीहरूलाई उनीहरूले विभिन्न माध्यमबाट आर्जन र विकास गरेका ज्ञान, सिप र अभिवृत्तिलाई निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कनका माध्यमबाट सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरी सिकाइ सुनिश्चित गरिने कुरालाई जोड दिइएको छ । राष्ट्रिय पाठ्यक्रमले निर्दिष्ट गरेका मूल्याङ्कनका प्रावधानहरूअन्तर्गत कक्षा १ देखि ३ सम्म सिकाइ उपलब्धिमा आधारित मूल्याङ्कन र कक्षा ४ देखि ८ सम्म आन्तरिक मूल्याङ्कनको लागि ५० प्रतिशत अङ्क भार र बाह्य मूल्याङ्कनको लागि ५० प्रतिशत अङ्कभार कायम गरी विद्यार्थीहरूले हासिल गरेका समग्र उपलब्धिलाई निर्णयात्मक मूल्याङ्कनको रूपमा अभिलेख गरी अक्षराङ्कन पद्धतिअनुसार विद्यार्थीले हासिल गरेको नतिजा प्रदान गरिने कुरालाई यस पाठ्यक्रमले समेटेको छ ।

स्थानीय पाठ्यक्रम विकास तथा तथा कार्यान्वयन मार्गदर्शन, २०७६ मा दिइएका दिइएका सुझावहरूको सदुपयोग गर्दै सरावल गाउँपालिकाको स्थानीय पाठ्यक्रमको विकासका लागि अनुसरण गरिएका चरणहरू निम्नानुसार रहेका छन् :

सरावल गाउँपालिकाले शिक्षकहरू लगायत अन्य सरोकारवालाहरूको समेत संलग्नतामा स्थानीय पाठ्यक्रम विकास प्रक्रियाको अगुवाइ गरेको छ । गाउँपालिकाका अध्यक्षको प्रमुखको अध्यक्षतामा प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखा प्रमुख रहेको समिति गठन गरी स्थानीय विज्ञको खोजी गरी पाठ्यक्रम निर्माणको जिम्मेवारी दिइएको छ । हाम्रो सरावल स्थानीय पाठ्यक्रम विकासका लागि विषय विज्ञ समूहबाट सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक, शिक्षक, स्थानीय जानकार व्यक्ति, संस्कृतिविद्, स्थानीय विभिन्न पेसागत व्यक्तिसहितको उपस्थितिमा परामर्श तथा सुझाव सङ्कलन बैठकहरू सञ्चालन गरिएको थियो ।

स्थानीय पाठ्यक्रम तर्जुमा तथा सम्पादन प्रक्रियालाई विभिन्न चरणमा सम्पन्न गरिएको थियो । सर्वप्रथम स्थानीय शिक्षकहरू, स्थानीय मौलिक संस्कृतिका जानकारहरू, स्थानीय जनप्रतिनिधिहरू र अन्य क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूलगायतका स्थानीय सरोकारवालाहरू छनोट गरी उनीहरूसँग अन्तर्क्रिया गरिएको थियो । यस क्रममा स्थानीय पाठ्यक्रमका तहगत उद्देश्यहरू तथा सक्षमता निर्धारण, विषयवस्तुको छनोट, कक्षागत सिकाइ उपलब्धि निर्धारण, शिक्षण विधि र प्रक्रिया, मूल्याङ्कन, पाठ्यभार र पाठ्यक्रमको विस्तृतीकरण जस्ता विषयमा छलफल गरी सुझाव सङ्कलन गरिएको थियो ।

त्यसैगरी दोस्रो चरणमा प्राप्त भएका सुझावहरूलाई समावेश गरी स्थानीय पाठ्यक्रमको खाकामा मस्यौदा लेखन कार्य भएको थियो भने तेस्रो चरणमा सो मस्यौदामा सुझाव सङ्कलनका गर्न केही स्थानीय विद्यालयहरू, पाठ्यक्रमसम्बन्धी विज्ञहरू र सरोकारवालाहरूबाट सुझाव सङ्कलन गरिएको थियो । प्राप्त सुझावहरूलाई समावेश गरी पाठ्यक्रमको अन्तिम मस्यौदा लेखन सम्पन्न गरी गाउँपालिकाबाट अनुमोदन गर्नका लागि पेस गरिएको थियो । यसरी पेस भएको मस्यौदालाई गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेपश्चात यो पाठ्यक्रम प्रकाशनमा ल्याइएको हो ।

## १.७ हाम्रो सरावल स्थानीय पाठ्यक्रमका लागि विषयक्षेत्र

स्थानीय पाठ्यक्रम विकासमा स्थानीय विषयवस्तु र स्थानीय आवश्यकताको पहिचान गरी स्थानीय सहभागिता र विज्ञताको संलग्नता हुनुपर्ने मान्यताका आधारमा यो पाठ्यक्रम विकास गर्न प्रयास गरिएको छ । स्थानीय तहको ज्ञान, सिप र प्रविधिलाई उजागर गर्न, परम्परागत पेसा, व्यवसाय र प्रविधि, स्थानीय तहका कलाकौशल, संस्कृति, भाषा, परम्परा, व्यवसाय, पर्यटकीय क्षेत्र, प्राकृतिक सम्पदा आदिका बारेमा जानकार गराई संरक्षण, सम्बर्द्धन र विकास गर्न उत्प्रेरित गर्न एवं सहयोग पुऱ्याउन तथा बालबालिकालाई उद्यमशील बनाउने उद्देश्यले यो पाठ्यक्रम निर्माण गरिएको छ ।

**सांस्कृतिक, सामाजिक विविधता** (इतिहास, सांस्कृतिक सम्पदा आदि, ऐतिहासिक स्थान, स्थानीय समुदायको इतिहास र संस्कृति, धार्मिक क्रियाकलापहरू, समुदायमा बस्ने विभिन्न मानिसहरूका जीवनशैली, स्थानीय नायक/व्यक्तित्वहरू, स्थानीय तहका क्लब/समाज आदि), **भौगोलिक तथा प्राकृतिक स्रोत र तिनको बुद्धिमत्तापूर्ण र दिगो प्रयोग** (भौगोलिक परिदृश्य, हावापानी, मौसम, कृषि तथा बालीनाली, वन, नदी, ताल, पोखरी, जनावर, जनावर, जडीबुटी, राष्ट्रिय निकुञ्ज आदि), **स्थानीय कलाहरू** (नाच, गीत, परिकार, डोकाडाला, कपडा, सङ्गीत तथा वाद्ययन्त्रहरू ्गीत तथा वाद्ययन्त्रहरू आदि), **स्वास्थ्य तथा सरसफाइ** (फोहोर व्यवस्थापन, शौचालय, ढल, अस्पताल, स्वास्थ्य केन्द्र, प्राथमिक उपचार, आयुर्वेद, योग, परम्परागत औषधी, जडीबुटी उत्पादन तथा प्रयोग, पोषण), **जीविकोपार्जनसँग सम्बन्धित अभ्यासहरू** ( स्थानीय तहका (स्थानीय तहको कृषिको परिचय, पशुपालन, तरकारी खेती, करेसाबारी, स्थानीय सरकारको संरचना तथा कार्य, उपभोक्ता सचेतना, स्थानीय पुस्तकालय, सूचना तथा सञ्चार प्रविधिको प्रयोग, स्थानीय उद्योगहरू, स्थानीय बजार, पर्यटन), **स्थानीय प्रकोप तथा तथा प्राकृतिक विपत् जोखिम र र तिनको व्यवस्थापन** आदि विषयलाई स्थानीय पाठ्यक्रममा एकीकृत गर्नु उपयुक्त हुन्छ । यस प्रक्रियामा धेरै सम्भावनाहरू देखिन्छन् । यदि विभिन्न समूहको विभिन्न प्राथमिकताहरू छन् भने सबै सातै विषय क्षेत्रको पहिचान पहिचान गर्न सकिन्छ । पाठ्यक्रमलाई बोझिलो नबनाउन विभिन्न शीर्षकहरू संयुक्त/एकीकृत हुँदै जाने छन् । स्थानीय पाठ्यक्रम निर्देशिकाले निर्दिष्ट गरेका विषयक्षेत्रमा केन्द्रित रहेर सरावल गाउँपालिकाको हाम्रो सरावल स्थानीय पाठ्यक्रमको निर्माणका क्रममा विज्ञसहितको गोष्ठी, अन्तर्क्रिया र सुझाव सङ्कलनबाट तपसिलका विषयक्षेत्र निर्धारण गरिएको छ :

१. हाम्रो सरावल
२.हाम्रो धर्म, संस्कृति र संस्कार
३.स्थानीय परम्परागत पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि ।
४.सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू
५.योग-ध्यान, व्यायाम र स्थानीय खेल
६.स्वास्थ्य, सरसफाइ र फोहोर व्यवस्थापन
७. प्रकोप र विपद् व्यवस्थापन
८.नैतिक मूल्य, मान्यता र सदाचार
९. स्थानीय कृषि र प्राकृतिक सम्पदा
१०. सामाजिक व्यक्तित्व एवं सङ्घ-संस्था

### १.८ स्थानीय पाठ्यक्रमको सक्षमता

प्रस्तुत पाठ्यक्रममा मूलतः स्थानीय आवश्यकता, स्थानीय सहभागिता, स्थानीय विषयवस्तु र स्थानीय विज्ञतालाई समेटिएको छ । स्थानीय पाठ्यक्रम भनेको पनि राष्ट्रिय पाठ्यक्रमका एक अंश भएकाले यसको ढाँचा र स्वरूप सामान्यतया राष्ट्रिय पाठ्यक्रमको रूपमै राखिएको छ । जुनसुकै पाठ्यक्रममा पनि पाठ्यक्रमका मुख्य सिद्धान्तलाई अवलम्बन गरिएको हुनुपर्दछ । तसर्थ स्थानीय पाठ्यक्रममा पनि पाठ्यक्रममा रहनुपर्ने उद्देश्य, विषयवस्तु, कक्षागत सिकाइ उपलब्धि, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कनको अंश रहनुपर्दछ । स्थानीय पाठ्यक्रममा यी तत्त्वहरू समावेश गरी उल्लेख गरिएको छ ।

पाठ्यक्रम निर्माण गर्ने पहिलो खुड्किलो नै तहगत सक्षमता/उद्देश्य निर्माण गर्नु हो । राष्ट्रिय पाठ्यक्रमको उद्देश्यसँग मेल खाने गरी स्थानीय पाठ्यक्रमको विषयगत र तहगत उद्देश्य निर्धारण गर्नुपर्छ । तहगत उद्देश्य साधारण उद्देश्य नै हो । तसर्थ यहाँ आधारभूत तहका सक्षमताहरू निम्नअनुसार रहेका छन् :

**आधारभूत तहका तहगत सक्षमता**

१. स्थानीय तहको भौगोलिक अवस्थिति बताउन ।

२. ऐतिहासिक, धार्मिक एवं पर्यटकीय स्थान विशेषको पहिचान र तिनको प्रवर्द्धन गर्न ।

३. स्थानीय तहमा प्रचलित परम्परागत पेसा व्यवसाय, सिप, उद्यमशीलता र प्रविधिको प्रवर्द्धन गर्न ।

४. कृषि तथा स्थानीय उत्पादनका बारेमा जानकारी लिन तथा ज्ञान र सपि हासिल गर्न ।

५. स्थानीय स्तरमा प्रचलित धार्मिक सांस्कृतिक चाडपर्व एवं परम्पराको जानकारी लिन ।

६. प्राकृतिक तथा मानवजन्य विपत्तिहरूको पहिचान, न्यूनीकरण र सुरक्षाका उपाय पहिचान गर्न ।

७. योग-ध्यान, पौष्टिक आहार, स्थानीय खेल र प्राकृतिक चिकित्साका बारेमा ज्ञान हासिल गर्न र व्यवहारमा प्रयोग गर्न

८. स्थानीय तहका सामाजिक एवम् सङ्घसंस्थाहरूका बारेमा जानकारी लिन ।

९. नैतिक मूल्य, मान्यता र सदाचारलाई आत्मसात् गर्न ।

१०. सामाजिक कुरीति, कुसंस्कार, विकृति आदिको जानकारी लिई चरित्र र व्यवहार सुधार्न ।

## दोस्रो खण्ड

## आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम

### २.१ परिचय

विद्यालय शिक्षालाई समयसापेक्ष जीवनोपयोगी, जनोपयोगी र व्यावहारिक बनाउन अपरिहार्य हुन्छ । शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउन सकेमा सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने राष्ट्रिय लक्ष्य प्राप्तिमा सहयोग पुग्दछ । नेपालको संविधान (२०७२) ले प्रत्येक नागरिकलाई रोजगारी र उचित श्रम अभ्यासको हक कायम गरेको छ । यसर्थ शिक्षा समसामयिक सामाजिक, सांस्कृतिक तथा राजनीतिक प्रणालीको प्रतिविम्बन हो । यसलाई स्थानीय पाठ्यक्रम विशिष्टीकृत रूपमा सम्बोधन गर्न सक्दछ । अतः पाठ्यक्रमको विकास गर्दा सिकारु, समाज, राष्ट्र एवम् विश्व परिवेशसमेतको आधारमा गरिनुपर्छ भन्ने मान्यता स्थापित हुन पुगेको हो । यसप्रकारको सैद्धान्तिक तथा व्यावहारिक पक्षलाई हाम्रो सरावल विषयको स्थानीय पाठ्यक्रममार्फत समावेश गरी कार्यान्वयन गर्न लागिएको हो ।

स्थानीय पाठ्यक्रममा समाविष्ट विषयवस्तुलाई व्यावहारिक जीवनसँग सामञ्जस्य गरेर सिकारुलाई सक्रिय सहभागी गराएर सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्नुपर्छ । यस कार्यमा सकेसम्म स्थानीय शैक्षिक सामग्री प्रयोग गर्नुपर्छ । साथै स्थानीय परिवेश, विषयवस्तुको प्रकृति आदिका आधारमा विभिन्न सिकाइ (शिक्षण) विधि प्रयोग गर्नुपर्छ । विषयवस्तुसँग सम्बन्धित गराएर स्थानीयस्तरमा अध्ययन भ्रमण वा प्रत्यक्ष अवलोकन गराउन सकेमा सिकाइ दिगो, व्यावहारिक एवम् प्रभावकारी हुन्छ । सिकाइ कार्यलाई प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसार प्रदर्शन, छलफल, प्रश्नोत्तर, भूमिका अभिनय, प्रयोगात्मक क्रियाकलाप, अवलोकन भ्रमण, खोज, परियोजना कार्य, समस्या समाधान आदि विधि वा कार्य सञ्चालन गर्नु सान्दर्भिक देखिन्छ जसलाई हाम्रो सरावल विषयको स्थानीय पाठ्यक्रमले मुख्य सैद्धान्तिक आधार बनाएको हो । यसर्थ यस पाठ्यक्रम विकास तथा कार्यान्वयनपछि पाठ्यक्रम विकेन्द्रीकरण तथा स्थानीयकरणका साथै विद्यालय पाठ्यक्रममा आएका नयाँ आयाम तथा दृष्टिकोणसँग जानकार भई र त्यसको कार्यक्षेत्रमा उपयोग गर्ने तथा आफ्नो कार्यशैलीलाई थप सम्मृद्ध गर्ने उद्देश्य राखिएको छ ।

### २.२ विषयवस्तुको क्षेत्र र क्रम तथा विस्तृतीकरण

सरावल गाउँपालिकासँग सम्बन्धित भौगोलिक परिचय, स्थानीय परम्परागत पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि, सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू, कृषि तथा स्थानीय उत्पादन, धर्म, संस्कृति र संस्कार, प्रकोप र विपत् व्यवस्थापन तथा वातावरण संरक्षण, योग-ध्यान, पौष्टिक आहार, स्थानीय खेल र प्राकृतिक चिकित्सा, स्थानीय संघसंस्था, हाम्रो नैतिक मूल्य र मान्यता र सदाचार जस्ता विषयक्षेत्रलाई समेटेर कक्षा १ देखि ८ सम्मका लागि हाम्रो सरावल पाठ्यक्रम तर्जुमा गरिएको छ । यस क्रममा विद्यार्थीको रुचि, स्तर, आवश्यकता तथा सान्दर्भिकतालाई समेत ख्याल गरिएको छ । स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयनलाई पाठ्यक्रमको स्थानीयकरणको एक प्रभावकारी अभ्यास मानिन्छ ।पाठ्यक्रमको स्थानीयकरणले केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु, पक्ष, समावेशीकरण, सहभागिता, निर्णय प्रक्रिया, जनअपेक्षा आदिलाई समुचित रूपमा समावेश तथा सम्बोधन गर्न सकिन्छ । यस क्रममा सिकाइको स्तर र सक्षमताको विशिष्टीकृत गरी सिकाइ उपलब्धि, सक्षमता, सिकाइ उपलब्धि एवम् अघिल्ला कक्षासँग लम्बीय सन्तुलनका आधारमा विषयवस्तुको क्षेत्र र क्रम निर्धारण गरिएको छ ।

**विषयवस्तुको क्षेत्र र क्रम कक्षा १ देखि ५**

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| १. हाम्रो सरावल | ● म र मेरो समुदाय | ● आफ्नो वडाको परिचय<br>● जाति र भाषा | ● आफ्नो वडाको परिचय | ● मेरो गाउँपालिका | ● वडागत संरचना र सेवा |
| २.हाम्रो धर्म, संस्कृति र संस्कार | ● हाम्रा चाडपर्व र स्थानीय वेशभूषा । | ● हाम्रा चाडपर्व<br>● जन्म दिन । | ● हाम्रा चाडपर्व<br>● स्थानीय संस्कृति | ● स्थानीय जाति र भाषा<br>● स्थानीय नृत्य<br>● स्थानीय बाजा | ● स्थानीय गीत तथा नृत्य<br>● स्थानीय परिकार<br>● स्थानीय कला |
| ३.स्थानीय परम्परागत पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि । | ● पेसा, व्यवसाय र प्रविधि । | ● पेसा, व्यवसाय र प्रविधि । | ● स्थानीय बजार<br>● स्थानीय प्रविधि । | ● स्थानीय व्यवसाय<br>● स्थानीय कला | ● फलफूल खेती र खाद्यबाली |
| ४.सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू | ● धर्मिक एवं सांस्कृतिक स्थलहरू<br>● स्थानीय ऐतिहासिक तथा पर्यटकीय स्थलको परिचय | ● धर्मिक एवं सांस्कृतिक स्थलहरू | ● धर्मिक एवं सांस्कृतिक स्थलहरू<br>● स्थानीय ऐतिहासिक तथा पर्यटकीय स्थलको परिचय | ● धर्मिक एवं सांस्कृतिक स्थलहरू<br>● स्थानीय पर्यटकीय स्थलहरू (धनपोखरा) | ● स्थानीय धार्मिक स्थलको परिचय<br>● स्थानीय पर्यटकीय स्थलको परिचय |
| ५.योग-ध्यान, व्यायाम र स्थानीय खेल | ● योग ध्यान<br>● स्थानीय खेल | ● योग ध्यान<br>● स्थानीय खेल | ● योग ध्यान<br>● स्थानीय खेल | ● योग ध्यान र स्थानीय खेल | ● योग ध्यान<br>● स्थानीय खेल |
| ६.स्वास्थ्य, सरसफाइ र फोहोर व्यवस्थापन | ● फोहोर मैला<br>● व्यक्तिगत सरसफाइ | ● फोहोरमैला ।<br>● सरसफाइ र स्वास्थ्य | ● सन्तुलित खाना र पत्रु खाना<br>● फोहोरमैला ।<br>● स्वच्छ खानेपानी | ● फोहोर मैला ।<br>● पौष्टिक आहार | ● प्राकृतिक र अप्राकृतिक खाना<br>● वातावरण प्रदूषण ।<br>● खानेपानी |
| ७. प्रकोप र विपद् व्यवस्थापन | ● प्रकोप र विपद् | ● बाढी र नदीकटान<br>● कुकुरको टोकाइ र सर्पदंश | ● प्राकृतिक प्रकोप र विपद्<br>● ट्राफिक नियम | ● प्रकोप र विपद्<br>● सडक दुर्घटना | ● प्रकोप र विपद् |
| ८.नैतिक मूल्य, | ● आदर र सत्कार | ● आदर सत्कार | ● हाम्रा मूल्य र मान्यता | ● हाम्रा मूल्य र मान्यता । | ● सकारात्मक सोच र चरित्र निर्माण । |

| | | | | | |
|---|---|---|---|---|---|
| मान्यता र सदाचार | | | • असल बानी र खराब बानी | • अन्धविश्वास | |
| ९. स्थानीय कृषि र प्राकृतिक सम्पदा | • प्राकृतिक सम्पदा<br>• खाद्यबाली तथा फलफूल | • प्राकृतिक सम्पदा<br>• अन्नबाली र फलफूल<br>• जडीबुटी | • प्राकृतिक सम्पदा<br>• तरकारी खेती<br>• जडीबुटी | • जलस्रोत<br>• तरकारी खेती<br>• जडीबुटी | • खाद्यबाली<br>• कुखुरापालन र बाख्रा पालन<br>• जडीबुटी |
| १०. सामाजिक व्यक्तित्व एवं सङ्घ-संस्था | • बालक्लब | • आमा समूह र अन्य टोलका संस्था | • स्वास्थ्य संस्था | • शिक्षा र स्वास्थ्यको विकासमा योगदान दिने व्यक्तित्व | • सहकारी र वचत |

## विषयवस्तुको क्षेत्र र क्रम कक्षा ६ देखि ८

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| १. हाम्रो सरावल | • भौगोलिक अवस्थिति<br>• जनसाङ्ख्यिकी अवस्थिति | • सरावल गाउँपालिकाको संरचना र शाखा<br>• गाउँपालिकाबाट प्रदान गरिने सेवा, काम, कर्तव्य र अधिकार | • गाउँपालिका : व्वस्थापिका, कार्यपालिका र न्यायिक समिति |
| २.हाम्रो धर्म, संस्कृति र संस्कार | • स्थानीय सांस्कृतिक सम्पदा ।<br>• स्थानीय परिकार | • विभिन्न जातजातिका पर्व र गीत<br>• स्थानीय काष्ठकला र मूर्तिकला | • बालीघरे प्रथा, बालश्रम। असमान ज्याला<br>• स्थानीय चाडपर्व, मेला, जात्रा |
| ३.स्थानीय परम्परागत पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि । | • मौरीपालन, पशुपालन, मत्स्यपालन<br>• स्थानीय व्यवसाय र उद्योग | • उद्योग व्यवसाय<br>• हस्तकलाका सामान बनाउने विधि<br>• स्थानीय बजारको व्यवस्थापन | • फलफूल खेती<br>• साना तथा मझौला उद्योग व्यवसाय |
| ४.सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू | • धर्मिक एवं सांस्कृतिक स्थलहरू<br>• स्थानीय पर्यटकीय स्थलको परिचय | • स्थानीय धार्मिक स्थलको परिचय<br>• स्थानीय पर्यटकीय स्थलको परिचय | • स्थानीय धार्मिक स्थल<br>• स्थानीय पर्यटकीय स्थलको परिचय |
| ५.योग-ध्यान,<br>व्यायाम र स्थानीय खेल | • योग ध्यान<br>• स्थानीय खेलकुद | • योगासन<br>• प्राकृतिक चिकित्सा | • व्यायाम<br>• प्राकृतिक चिकित्सा |
| ६.स्वास्थ्य, सरसफाइ र फोहोर व्यवस्थापन | • खाद्यबाली तथा पौष्टिक आहार,<br>• फोहोर मैला । | • हरित विद्यालय र सिकाइ<br>• वातावरण प्रदूषण | • सन्तुलित भोजन र असन्तुलित भोजन<br>• वातावरण सरसफाइमा समुदाय<br>• फोहोर मैला व्यवस्थापनमा पालिका । |
| ७. प्रकोप र विपद् व्यवस्थापन | • प्रकोप र विपद्<br>• सर्पदंश र प्राथमिक उपचार | • प्राकृतिक एवं मानवजन्य प्रकोप र विपद्<br>• सडक सुरक्षा व्यवस्थापन | • विपत् पूर्वतयारी र प्राथमिक उपचार<br>• सुरक्षित विद्यालय |
| ८.नैतिक मूल्य, मान्यता र सदाचार | • हाम्रा संस्कार | • ज्येष्ठ नागरिकप्रतिको सम्मान | • दुर्व्यसन र कुलत |

| | | | |
|---|---|---|---|
| | • लैङ्गिक समानता | • सामाजिक कुप्रथा<br>• सनातन संस्कार | • सामाजिक सम्मान<br>• सनातन संस्कार र विभिन्न जातजातिका संस्कार |
| ९. स्थानीय कृषि र प्राकृतिक सम्पदा | • स्थानीय कृषि<br>• प्राकृतिक सम्पदा<br>• खानेपानी | • कृषिको व्यावसायीककरण<br>• नगदेबाली (उखु, केरा खेती) र खाद्यबाली (तोरी, मसुरो, अरहर) उत्पादनको सिप र महत्त्व सम्बन्धी वर्णन<br>• स्थानीय वनको व्यवस्थापन (निजी वन, सामूदायिक वन, संरक्षित वन, धार्मिक वन आदि) तथा प्रोत्साहन | • माछापालन<br>• दलहन खेती<br>• टनेल खेती<br>• प्राकृतिक सम्पदाको संरक्षण |
| १०. सामाजिक व्यक्तित्व एवं सङ्घ-संस्था | • टोल विकास संस्था, | • शैक्षिक संस्था<br>• आयुर्वेद अस्पताल | • सामाजिक सङ्घ संस्था<br>• पालिकाका अध्यक्ष तथा उपाध्यक्ष |

विषयवस्तुको विस्तृतीकरण कक्षा १

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| १. हाम्रो सरावल | • म र मेरो समुदाय | • आफू र आफ्नो परिवारको परिचय दिन ।<br>• आफ्नो समुदाय र स्थानीय तहको नाम बताउन । | • आफ्नो नाम, उमेर, लिङ्ग र परिवारका सदस्यहरूको लिङ्ग पहिचान गर्न ।<br>• आफ्नो समुदायको सामान्य परिचय (जस्तै : समुदायको नाम, वडा नम्बर, स्थानीय तहको नाम र जिल्लाको नाम । ) | • जोडी संवाद, समूह छलफल, कुराकानीको माध्यमबाट आफ्नो परिचय दिन लगाउने ।<br>• छलफल, प्रश्नोत्तर र परिवारका सदस्यहरूबिच भएको संवादको भिडियो ।<br>• पोस्टर प्रदर्शन ।<br>• आफ्नो समुदायको सामान्य परिचय दिन लगाउने (जस्तै : छलफल, संवाद, प्रश्नोत्तरको माध्यमबाट वडाको नाम, स्थानीय तहको नाम, सरावल गाउँपालिका र समुदायको नाम) । | • आफ्नो परिचय दिनुहोस् ।<br>• आफ्नो समुदाय र स्थानीय तहको सामान्य परिचय दिनुहोस् । | १५ |
| २. हाम्रो धर्म, संस्कृति र संस्कार | • हाम्रा चाडपर्व र स्थानीय वेशभूषा । | • आफ्नो परिवारमा मनाइने मुख्य चाडपर्वको नाम बताउन ।<br>• परिवारका सदस्यहरुले लगाउने वेशभूषा बताउन । | • आफ्नो परिवारमा मनाइने मुख्य चाडपर्वको नाम बताउन (जस्तै दशैं, तिहार, होली, करवा चौथ, बड्की आइतवार, क्रिसमस डे, ईद)<br>• घर परिवारका सदस्यले लगाउने वेशभूषा बताउन जस्तै (सर्ट, पाइन्ट, लुङ्गी, धोती, दौरा सुरवाल, सारी, पटुकी, गुन्यु, चोली) | • घरपरिवारका सदस्यसँग सोधेर आफ्नो परिवारमा मनाइने चाडपर्वको नाम भन्न लगाउने ।<br>• मुख्य चाडपर्वहरूको चित्र पोस्टर भिडियो क्लिप देखाई छलफल गर्ने ।<br>• आफ्नो घरको हजुरबुवा, हजुरआमा, बुवा, दाइ, दिदीले लगाउने पोसाकबारे छलफल गराउने । | • तपाईंले मनाउने दुई चाडपर्वको नाम भन्नुहोस् ।<br>• चित्र देखाई चाडका नाम सोध्नुहोस् ।<br>• तपाईंका बुबाले लगाउने पोसाकको नाम भन्नुहोस् । | १७ |
| ३.स्थानीय परम्परागत पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि । | • पेसा, व्यवसाय र प्रविधि । | • आफ्नो गाउँमा प्रयोग हुने स्थानीय परम्परागत पेसा र व्यवसायको परिचय दिन<br>• आफ्नो बस्तीमा प्रयोग हुने सामानको नाम बताउन | • आफ्नो गाउँमा प्रयोग हुने स्थानीय परम्परागत पेसा र व्यवसायको परिचय (फलामको काम गर्ने, सिलाई,फर्निचर, पत्थरकट आदि)<br>• स्थानीय रूपमा प्रचलित परम्परागत प्रविधि (ढिकी, जाँतो, चुलो, गुइँठा आदि | • विद्यार्थीलाई उनीहरूको गाउँमा परम्परागत रुपमा गरिने पेशाबारे बताइदिने<br>• विद्यार्थीलाई उनीहरूको गाउँमा परम्परागत रुपमा गरिने व्यवसायबारे बताइदिने<br>• स्थानीय ठाउँमा मानिसहरूले परापूर्व कालदेखि प्रयोग गर्दै आएका विभिन्न घरायसी सामग्रीको चित्र प्रस्तुत गर्ने । | • आफ्ना परिवारका सदस्यले गर्ने पेसा भन्नुहोस् ।<br>• आफ्नो घरमा भएका परम्परागत प्रविधिको नाम लेख्नुहोस् । | १५ |
| ४.सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू | • धर्मिक एवं सांस्कृतिक स्थलहरू<br>• स्थानीय ऐतिहासिक तथा पर्यटकीय | • गाउँपालिका भित्रका धार्मिक, सांस्कृतिक स्थलहरू चिन्न र नाम बताउन<br>• गाउँपालिका भित्रका ऐतिहासिक र पर्यटकीय स्थलहरू चिन्न र नाम बताउन | • गाउँपालिकाभित्रका धार्मिक तथा सांस्कृतिक स्थलहरूको नाम (शिव मन्दिर, बाबा मेहीदासको कुटी, बर्दघाटे कालिका मन्दिर, बहिरी माई मन्दिर)<br>• गाउँपालिकाभित्रका ऐतिहासिक र | • समुदायमा रहेका देवालय, पार्क, गुफास्थलको अवलोकन गराउने ।<br>• चित्र देखाएर देवालय, पार्क, चौर चिन्न लगाउने ।<br>• गाउँपालिका क्षेत्रभित्र भएका धार्मिक स्थलको फोटो देखाइ चिनाउने र नाम | • आफ्नो घर वरपर रहेको ताल तथा पाटीपौवाको नाम बताउन लगाउने ।<br>• फोटो देखाई विभिन्न ठाउँहरू चिन्न लगाउने । | १८ |

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| | स्थलको परिचय | | पर्यटकीय स्थलहरूको नाम (धनपोखरा, कोलवृक्ष, ककरपत्त नगर, कमलपोखरा) | भन्न लगाउने | | |
| **५.योग-ध्यान, व्यायाम र स्थानीय खेल** | • योग ध्यान<br>• स्थानीय खेल | • सुखासन र ज्ञानमुद्राबारे बताउन ।<br>• आफूलाई मनपर्ने खेलका नाम बताउन । | • सुखासन र ज्ञानमुद्राको अवस्थाबारे बताउन ।<br>•<br>• आफुलाई मन पर्ने खेलका नाम भन्न ( चरा उड) | • सुखासन र ज्ञानमुद्र सम्बन्धी पोस्टर र भिडियो प्रदर्शन गर्ने र विद्याथीहरूलाई गर्न लगाउने ।<br>• स्थानीय खेल चरा उडको अभ्यास गराउने । | • विद्याथीहरूलाई सुखासन र ज्ञानमुद्रामा बस्न लगाउने र मिले नमिलेको अवलोकन गर्ने ।<br>• चरा उड खेल खेल्नुहोस् । | १८ |
| **६.स्वास्थ्य, सरसफाइ र फोहोर व्यवस्थापन** | • फोहोर मैला<br>• व्यक्तिगत सरसफाइ | • आफ्नो कोठा र विद्यालयको कक्षाकोठाको सरसरफाइ गर्न<br>• व्यक्तिगत सरसफाइका कार्य गर्न | • आफ्नो कोठा र कक्षाकोठाबाट निस्कने फोहोर<br>• शरीरका अंगको सरसफाइ | • कक्षाकोठा र आफ्नो कोठा सफा राख्नेबारे बताइदिने<br>शरीरका अंगको सरसफाइ गर्ने बारे बताइदिने | • तपाईंको कोठाबाट निस्कने फोहोरमैला के के हुन् ?<br>• शरीरका अंगको सरसफाइ गर्नुहोस् । | १६ |
| **७. प्रकोप र विपद् व्यवस्थापन** | • प्रकोप र विपद् | • स्थानीय स्तरमा घट्ने प्रकोप र विपत्तिका नाम बताउन । | • स्थानीय स्तरमा घट्ने प्राकृतिक घटना बताउन (बाढी, डुवान, आगलागी आदि) | • विभिन्न पत्रपत्रिका तथा पोस्टरहरूमा प्रकाशित जस्तै : आगलागी, बाढी , डुबानसम्बन्धी चित्रहरू प्रदर्शन गरी चिनाउने र सचेत गराउने | • तपाईंको समुदायमा घटेका प्राकृतिक तथा मानवजन्य विपत्तिको नाम भन्नुहोस् । | १५ |
| **८. हाम्रो नैतिक मूल्य र मान्यता र सदाचार** | • आदर र सत्कार | • साथी र गुरुहरूसँग घुलमिल हुन<br>• परिवारका सदस्यहरूलाई आदर सत्कार र शिष्ट व्यवहार गर्न । | • आफ्ना परिवारका सदस्यहरूविच गरिने व्यवहार (जस्तै : मान्यजनलाई नमस्कार, सानालाई माया, मिठो शिष्ट भाषाशैली ) | • विद्यार्थी बिच नमस्कार गर्न सिकाई एक आपसमा परिचय गर्न लगाउने<br>• समूहमा बस्न लगाउने<br>• आफूभन्दा ठुला मानिस र साथीहरूसँग बोल्दा तपाईं हजुर जस्ता आदरार्थी शब्दहरू प्रयोग गर्न सिकाउने<br>• विभिन्न पोस्टर र भिडियोबाट परिवारका सदस्यहरूलाई गर्ने व्यवहार सिकाउने | • आफ्ना साथीहरूलाई नमस्कार गर्नुहोस्<br>-घरमा पाहुना आउँदा आमाबुवाले गर्ने व्यवहारको अभिनय गर्नुहोस् । | १८ |
| **९. स्थानीय कृषि र प्राकृतिक सम्पदा** | • प्राकृतिक सम्पदा<br>• खाद्यबाली तथा फलफूल | • टोलमा रहेका सम्पदाको नामावली बताउन ।<br>• आफ्नो समुदायमा पाइने खाद्यबाली र फलफूलको नाम | • आफ्नो टोलमा रहेका प्राकृतिक सम्पदाको नाम बताउन (इनार, कुवा, खोला, वन)<br>• स्थानीय समुदायमा पाइने खाद्यान्न र | • स्थलगत अवलोकन गराई आफ्नो समुदायमा रहेका प्राकृतिक सम्पदाहरूको पहिचान गराउने (जस्तै : (इनार, कुवा, खोला, वन आदि) । | • तपाईंको समुदायमा रहेका प्राकृतिक सम्पदाहरूको नाम भन्नुहोस् ।<br>• आफ्नो घर वा विद्यालय वरिपरि | १८ |

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| | | भन्न । | फलफूलका (धान, गहुँ, मकै आदि, आँप, अम्बा र कटहर) | • विभिन्न खाद्यबालीको चित्र देखाई विद्यार्थीलाई नाम भन्न लगाउने ।<br>• आफ्नो समुदायमा पाइने विभिन्न खाद्यबालीको अवलोकन गराई पहिचान गर्न लगाउने (जस्तै : मकै, गहुँ, धान आदि) । | देखिने खाद्यबालीका नाम बताउनुहोस् । | |
| १०. सामाजिक व्यक्तित्व एवं सङ्घ-संस्था | • बालक्लब | • आफ्नो टोल/छिमेकमा रहेको बालक्लबको परिचय दिन । | • आफ्नो टोल छिमेकका रहेको बालक्लब | • अभिभावकसँग सोधेर आफ्नो टोलमा भएका क्लबको नाम टिपोट गर्न लगाउने | • आफ्नो समुदायमा रहेको क्लबले गर्ने काम भन्नुहोस् । | १० |

विषयवस्तुको विस्तृतीकरण कक्षा २

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| १. हाम्रो सरावल | • आफ्नो वडाको परिचय<br>• जाति र भाषा | • आफ्नो भाषा र जातीय पहिचान<br>• आफ्नो टोल र वडाको परिचय बताउन । | • आफ्नो समुदायमा बसोवास गर्ने जातजाति र भाषाको पहिचान ।<br>• आफूले बोल्ने भाषाको नाम र परिवारका सदस्यबिच प्रयोग हुने भाषाको पहिचान ।<br>• आफ्नो वडाको परिचय र सीमाना | • समुदायमा बोलिने भाषाको उच्चारण अथवा मातृभाषामा संवाद गरेको भिडियो प्रदर्शन ।<br>• आफ्नो समुदायमा भएका व्यक्तिहरूसँग सोधपुछ गरी जातजाति र भाषाका बारेमा सोधखोज गर्ने ।<br>• आफ्नो वडाको नाम, वडा कार्यालय रहेको ठाउँ, आफ्नो टोलको बारेमा प्रश्नोत्तर गराउने । | • आफ्नो मातृभाषा र समुदायमा बोलिने भाषाको सूची निर्माण गर्नुहोस् ।<br>• आफ्नो वडाको सामान्य परिचय दिनुहोस् । | १८ |
| २. हाम्रो धर्म, संस्कृति र संस्कार | • हाम्रा चाडपर्व<br>• जन्म दिन । | • आफ्नो समुदायमा मनाइने मुख्य मुख्य चाडपर्वहरूको नाम भन्न ।<br>• जन्म दिन मनाउने संस्कार सिक्न | • आफ्नो समुदायमा मनाइने मुख्य चाडपर्वको नाम बताउन (जस्तै रक्षाबन्धन, नागपञ्चमी, बड्की आइतवार, क्रिसमस डे, ईद, ल्होसार)<br>• जन्म दिन मनाइने संस्कार | • पोस्टर, भिडियो देखाई वा स्थानीय क्षेत्रमा मनाइने चाडपर्वका बारे बताइदिने ।<br>• नेपाली समाजमा जन्मदिन मनाउने संस्कारको परिचय दिने । | • आफ्नो स्थानीय तहमा मनाइने कुनै पर्वको नाम भन्नुहोस् ।<br>• आफ्नो जन्म दिन कसरी मनाउनुभयो ? भन्नुहोस् । | १६ |
| ३.स्थानीय परम्परागत पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि । | • पेसा, व्यवसाय र प्रविधि । | • स्थानीय पेसा व्यवसायका नाम भन्न ।<br>• समुदायमा भएका परम्परागत प्रविधिहरु बताउन । | • आफ्नो छिमेकी गर्ने पेसा जस्तै व्यापार, व्यवसाय, जागीर, शिक्षक, मजदुर, कृषि, उद्योग का नाम बताउन ।<br>• परम्परागत प्रविधि जस्तै नहल, धान कुट्ने, दाँइ लगाउने, आदि | • आफ्नो टोलछिमेकमा बस्ने मानिसहरूले परम्परागत रूपमा अँगाल्दै आएका विभिन्न पेसा व्यवसाय र आधुनिक समयमा पेसामा आएको परिवर्तन बारे समूह छलफल, प्रश्नोत्तर तथा तस्बिर प्रदर्शन गर्ने/गराउने ।<br>• आफ्नो समुदायमा भएका परम्परागत प्रविधि खोजी गरी तिनीहरूको पहिचान गराउने (जस्तैः नहल, धान कुट्ने, दाँइ लगाउने आदि) । | • छिमेकीले गर्ने तीन प्रकारका पेसाबारे लेख्नुहोस् ।<br>• शिक्षक, चिकित्सक, कृषक, व्यापारीका तस्बिर बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• टोलमा रहेका परम्परागत प्रविधिबारे अभिभावकसँग सोधेर जानकारी लिनुहोस् । | १६ |
| २.हाम्रो धर्म, संस्कृति र संस्कार | • बालीघरे प्रथा, बालश्रम। असमान ज्याला<br>• स्थानीय चाडपर्व, मेला, जात्रा | • बालीघरे प्रथा, बालश्रम, असमान ज्याला जस्ता कुप्रथाका बारेमा जानकारी लिन<br>• देखाउन ।<br>• स्थानीय क्षेत्रमा मनाइने चाडपर्व, मेला, जात्राको परिचय दिन र महत्वबोध गर्न | • बालीघरे प्रथा, बालश्रम। असमान ज्याला<br>• स्थानीय क्षेत्रमा मनाइने चाडपर्व, मेला, जात्राको परिचय | • बालीघरे प्रथा, बालश्रम। असमान ज्याला अन्त्य गर्न गर्न के के गर्न सकिन्छ भन्ने बारे बताइदिने ।<br>• स्थानीय क्षेत्रमा मनाइने चाडपर्व, मेला, जात्राका अवसरमा गरिने क्रियाकलापहरूबारे छलफल गर्ने | • गाउँका ज्येष्ठ नागरिकलाई भेटेर बालीघरे प्रथा, बालश्रम। असमान ज्याला बारेमा थाहा पाउनुहोस् र तिनको अन्त्य गर्न के गर्नुपर्ला ? छलफल गर्नुहोस् ।<br>• आफ्नो बस्तीमा मनाइने पर्व, मेला, जात्रामा गरिने क्रियाकलाप र महत्व लेखेर प्रस्तुत गर्नुहोस् । | ८ |
| ३.स्थानीय परम्परागत पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि । | • फलफूल खेती<br>• साना तथा मझौला उद्योग व्यवसाय | • फलफूल खेतीको तरिका बताउन ।<br>• स्थानीय क्षेत्रमा रहेका साना तथा मझौला उद्योग व्यवसायको सम्मान गर्न | • फलफूल खेती (केरा, आँप, अम्बा आदि)<br>• स्थानीय क्षेत्रमा रहेका साना तथा मझौला उद्योग व्यवसाय | • सरावल गाउँपालिकामा फलफूल खेती केरा, आँप, अम्बा आदिको तरिका बताइदिने ।<br>• स्थानीय फलफूल खेतीले आर्थिक, सामाजिक, भौतिक पक्षमा पुऱ्याएको योगदानबारे समूहगत छलफल गराउने ।<br>• स्थानीय फलफूल उत्पादनको बजारीकरणमा देखिएका समस्याको बारेमा छलफल गर्ने ।<br>• स्थानीय मानिसहरूले गर्दै आएका साना तथा मझौला उद्योग व्यवसायको सूची बनाई त्यसको महत्व सहित प्रस्तुत गर्ने । | • आर्थिक विकासमा फलफूल व्यवसायको योगदान लेख्नुहोस् ।<br>• कुनै एक साना तथा मझौला उद्योगका बारेमा अभिभावकलाई सोधेर परिचय लेख्नुहोस् । | १० |
| ४.सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू | • स्थानीय धार्मिक स्थल<br>• स्थानीय पर्यटकीय स्थलको परिचय | • बर्दघाटे कालिका मन्दिर र हनुमान मन्दिरको परिचय, महत्व र संरक्षणका उपायहरू बताउन<br>• बाबा मेहीदासको कुटी, रजहा वनवाटिका, कमल पोखरीको परिचय दिन र त्यसको संरक्षणमा सहयोग | • बर्दघाटे कालिका मन्दिर र हनुमान मन्दिरको परिचय, महत्व र संरक्षणका उपायहरू<br>• बाबा मेहीदासको कुटी, रजहा वनवाटिका, कमल पोखरी, जावा ताल आदि | • मन्दिर अवलोकन भ्रमण गराई वा त्यसको फोटो वा त्यससँग सम्बन्धित भिडियो देखाई त्यसको परिचय, महत्व, हालको अवस्था र संरक्षणका उपायहरूबारे छलफल गर्ने ।<br>• - विद्यार्थीहरूलाई बाबा मेहीदासको कुटी, रजहा वनवाटिका, कमल पोखरीको अवलोकन भ्रमण गराइ सरसफाईमा विद्यार्थीलाई सहभागी गराउने<br>• स्थानीय तहका पर्यटकीय, धार्मिक स्थलहरूको | • आफ्नो घर वरपर रहेको मन्दिर तथा धार्मिक स्थलको महत्व र संरक्षणका लागि हामीले गर्न सक्ने कार्यहरूको सूची बनाउनुहोस् ।<br>• पालिकामा पर्यटन विकासका सम्भावनाबारे छलफल गर्नुहोस् । | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गर्न | | प्रत्यक्ष अवलोकन भ्रमण गराई आर्थिक विकासमा पुऱ्याएको योगदानबारे समूहमा प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।<br>● विभिन्न सम्पदाको सरसफाइ र संरक्षणका बारेमा जानकारी दिने | | |
| **५.योग-ध्यान, व्यायाम र स्थानीय खेल** | ● व्यायाम<br>● प्राकृतिक चिकित्सा | ● व्यायाम (व्यायामका तरिका) ।<br>● प्राकृतिक चिकित्साको महत्त्व बताउन | ● व्यायामको परिचय, तरिका र फाइदा<br>● प्राकृतिक चिकित्सा (चुम्बक, जल, माटो, मालिस आदि) | ● व्यायामको परिचय, तरिका र फाइदा बताइदिने<br>● प्राकृतिक चिकित्सा (चुम्बक, जल, माटो, मालिस आदि) को तरिका र फाइदा बताउने | ● व्यायामबाट हुने फाइदा लेख्नुहोस् ।<br>● प्राकृतिक चिकित्सा (चुम्बक, जल, माटो, मालिस आदि)बाट हुने फाइदा लेख्नुहोस् । | १० |
| **६.स्वास्थ्य, सरसफाइ र फोहोर व्यवस्थापन** | ● सन्तुलित भोजन र असन्तुलित भोजन<br>● वातावरण सरसफाइमा समुदाय<br>● फोहोर मैला व्यवस्थापनमा पालिका । | ● सन्तुलित भोजन र असन्तुलित भोजनबारे बुझ्न<br>● वातावरण सरसफाइमा समुदायको भूमिका बताउन<br>● फोहोर व्यवस्थापनमा पालिकाको भूमिका बताउन | ● सन्तुलित भोजन र असन्तुलित भोजन<br>● वातावरण सरसफाइमा समुदाय<br>● फोहोर व्यवस्थापनमा पालिका | ● सन्तुलित भोजन र असन्तुलित भोजनको परिचय दिई फाइदा र बेफाइदा बताउने<br>● खाना खाने तरिका बताइदिने<br>● वातावरण सरसफाइमा समुदायले खेल्न सक्ने भूमिका र जिम्मेवारीबारे प्रकाश पारिदिने<br>● फोहोर व्यवस्थापनमा पालिकाले बनाएको नीतिबारे स्पष्ट पारिदिने | ● सन्तुलित खानाका स्रोत के के हुन् ?<br>● आफ्नो टोलको सरसफाइ अभियान सञ्चालन गर्नुहोस् ।<br>● फोहोर व्यवस्थापनमा पालिकाको भूमिका लेख्नुहोस् । | १२ |
| **७. प्रकोप र विपद् व्यवस्थापन** | ● विपत् पूर्वतयारी र प्राथमिक उपचार<br>● सुरक्षित विद्यालय | ● विपत् पूर्व तयारी तथा व्यवस्थापनमा पालिकाको भूमिका<br>● सुरक्षित विद्यालयका बारेमा बताउन | ● विपत् पूर्व तयारी<br>● सुरक्षित विद्यालयको अवधारणा | ● विपत् पूर्व तयारी तथा व्यवस्थापनमा पालिकाको भूमिकाबारे बताइदिने<br>● व्यवस्थापनमा पालिकाको भूमिकाबारे प्रकाश पारिदिने<br>● प्रकृति प्रकोप तथा विपद् व्यवथापन सम्बन्धी भिडियो तथा पोस्टरहरू प्रस्तुत गर्ने ।<br>● विपद्को समयमा तत्काल उद्धारका सामग्री देखाएर विद्यार्थीलाई प्रयोग गर्न सिकाउने ।<br>● सुरक्षित विद्यालयको अवधारणा बताइदिने | ● प्राकृतिक प्रकोप एवं विपत व्यवस्थापनमा पालिकाको भूमिका लेख्नुहोस् ।<br>● सुरक्षित विद्यालयको अवधारणा बारे प्रकाश पार्नुहोस् । | १४ |
| **८. हाम्रो नैतिक मूल्य र मान्यता र सदाचार** | ● दुर्व्यसन र कुलत<br>● सामाजिक सम्मान<br>● सनातन संस्कार र विभिन्न जातजातिका संस्कार | ● दुर्व्यसन र कुलतबाट बच्न<br>● सामाजिक सम्मानका बारेमा जानकारी लिन<br>● सनातन संस्कार र विभिन्न जातजातिका संस्कारबारे जानकारी प्राप्त गर्न | ● दुर्व्यसन र कुलतबाट बच्न<br>● सामाजिक सम्मान<br>● सनातन संस्कार (यज्ञोपवित संस्कार, वेदारम्भ संस्कार, केशान्त संस्कार, समावर्तन संस्कार, विवाह संस्कार र अन्त्येष्टि संस्कार) | ● दुर्व्यसन र कुलत (गाँजा, मद्यपान, धूम्रपान, औषधी) ले पार्ने नकारात्मक प्रभाव र त्यसबाट बच्न पालना गर्नुपर्ने अनुशासनका बारेमा बताइदिने<br>● सामाजिक सम्मान : सबै जातजाति र पेसाप्रति सम्मान गर्नुपर्ने बारेमा बताइदिने ।<br>● सनातन संस्कार र विभिन्न जातजातिले गर्ने संस्कारका बारेमा बताइदिने | ● दुर्व्यसन र कुलतले पार्ने नकारात्मक प्रभाव र त्यसबाट बच्न पालना गर्नुपर्ने अनुशासनका विषयमा छलफल गर्नुहोस् ।<br>● सबै जातजाति र पेसाप्रति सम्मान विषयमा वक्तृत्वकलाको आयोजना गर्नुहोस् । | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | ● आफ्नो समुदायमा अपनाइने विवाह र मृत्यु संस्कारका बारेमा लेख्नुहोस् । | |
| **९. स्थानीय कृषि र प्राकृतिक सम्पदा** | ● माछापालन<br>● दलहन खेती<br>● टनेल खेती<br>● प्राकृतिक सम्पदाको संरक्षण (सिमसार क्षेत्र (हरियाली सिमसार) | ● उन्नत तरिकाले माछापालन गर्ने तरिका बताउन<br>● दलहन खेती<br>● टनेल खेतीका बारेमा ज्ञान प्राप्त गर्न<br>● सरावल गाउँपालिकामा पाइने वनस्पति, जडीबुटी र प्राकृतिक सम्पदाहरूको संरक्षण एवं संवर्द्धनमा पालिकाको भूमिकाबारे जानकारी लिन । | ● आधुनिक तरिकाले माछापालन गरिने तरिका<br>● दलहन खेती<br>● टनेल खेती<br>● वनस्पति, जडीबुटी र प्राकृतिक सम्पदाहरूको संरक्षण एवं संवर्द्धनमा पालिकाको भूमिका । | ● माछापालनको आधुनिक तरिका बताइदिने<br>● सरावल गाउँपालिकामा गरिने दलहन खेतीका बारेमा बताइदिने<br>● टनेल खेतीअन्तर्गत टनेल निर्माण, टनेलमा खेती गर्न सकिने तरकारीका बारेमा बताइदिने<br>● सरावल गाउँपालिकामा पाइने वनस्पति, जडीबुटी र प्राकृतिक सम्पदाहरूको संरक्षण एवं संवर्द्धनमा पालिकाको बनाएको नीति तथा योजनाका बारेमा बताइदिने<br>● पालिकामा पाइने जडीबुटी (जस्तै : पारिजात, आँक, गुर्जो, दुबो, तुलसी, सर्पगन्धा आदिको उपयोगिता एवं महत्त्वको विषयमा आफूभन्दा जानकार समुदायका व्यक्तिहरू बिच छलफल गर्ने) ।<br>● पालिकामा पाइने वनस्पतिको उपयोग गर्न सके पालिकाले यसबाट लिन सक्ने आर्थिक लाभ बारे छलफल गरी उपयुक्त सल्लाह एवं सुझव कक्षा कोठामा पेस गर्ने । | ● उन्नत तरिकाले गरिने माछापालन तरिका लेख्नुहोस् ।<br>● टनेल खेतीबाट लिन सकिने फाइदा लेख्नुहोस् ।सरावलमा पाइने वनस्पतिहरूको उपयोगिता र महत्त्व बताउनुहोस् ।<br>● स्थानीय स्तरमा पाइने जडिबुटीको उपयोगिता बताउनुहोस् ।<br>● स्थानीय पर्यावरण तथा इकोसिस्टम जोगाउन के गर्नुपर्ला ? लेख्नुहोस् । | २४ |
| **१०. सामाजिक व्यक्तित्व एवं सङ्घ-संस्था** | ● सामाजिक सङ्घ संस्था<br>● पालिकाका अध्यक्ष तथा उपाध्यक्ष | ● सरावल गाउँपालिकामा रहेका विभिन्न संघसंस्था<br>● संघीय संरचनापछिका पालिका अध्यक्ष तथा उपाध्यक्ष | ● पालिका रहेका सङ्घ/संस्थाले गर्ने काम । (महिला समूह, कृषि समूह, युवा समूह, खेलकुद संस्था, भजनकीर्तन समूह, ध्यान केन्द्र आदि लगायत अन्य)<br>● पालिकाका अध्यक्ष तथा उपाध्यक्षको परिचय | ● पालिकामा सञ्चालित सङ्घ/संस्थाहरूबारे छलफल गराउने ।<br>● विद्यालय नजिकै सञ्चालित सङ्घसंस्थाको प्रत्यक्ष अवलोकन गराई त्यसले गर्ने कामबारे संस्थाकै मानिससँग अन्तरक्रिया गराउने ।<br>● संस्थाले आफ्नो घरपरिवारको दैनिक जीवनमा पुऱ्याएको योगदानबारे लेख्न सघाउने ।<br>● विद्यार्थी संलग्न रहेको क्लबका कार्यबारे छलफल गराउने ।<br>● समुदायमा सञ्चलित क्लबहरूले गर्ने कामबारे छलफल गर्ने ।<br>● पालिकाका अध्यक्ष र उपाध्यक्षको परिचय बताइदिने । | ● आफ्नो पालिकामा सञ्चालित सङ्घसंस्थाले गर्ने कामहरूको सूची बनाउनुहोस् ।<br>● सरावल गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको परिचय दिनुहोस् । | ८ |

## तेस्रो खण्ड

## विधि, प्रक्रिया, मूल्याङ्कन र कार्यान्वयन

### ३.१ परिचय

प्रस्तुत तेस्रो खण्डमा पाठ्यक्रमको विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरणमा समाविष्ट भएका विषयलाई प्रयोगात्मक तरिकाबाट सिकाउनका लागि के कस्ता विधि र प्रक्रिया अवलम्बन गर्न सकिन्छ, विद्यार्थीहरुको सिकाइ उपलब्धिको मूल्याङ्कनका लागि के कस्ता विधि अपनाउन सकिन्छ, पाठ्यक्रमको कार्यान्वयनका चरण आदिका बारेमा उल्लेख गरिएको छ । यस खण्डले पाठ्यक्रमको प्रभावकारिताका लागि गर्नुपर्ने क्रियाकलापका बारेमा चर्चा गरिएको छ । शिक्षकले सिकाइ सहजीकरणका लागि अपनाउनुपर्ने तरिका, निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका उपकरण र साधन, विशिष्टीकरण तालिका आदिका बारे अनुसूचीमा समाविष्ट गरिएको छ ।

### ३.२ शिक्षण सिकाइ सहजीकरण (विधि र प्रक्रिया)

स्थानीय पाठ्यक्रम बनाउने क्रममा कुन उद्देश्य पूरा गर्नका लागि कस्ता शिक्षणविधि वा शिक्षणसिकाइ क्रियाकलाप अपनाउँदा उपुयक्त हुन्छ, त्यसका केही नमुना समेत समावेश गरिएको छ । प्रत्येक विद्यार्थीले सिक्न सक्ने गरी शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । विद्यार्थीलाई गरेर सिक भन्ने सिद्धान्तमा आधारित भएर सकेसम्म क्रियाकलापमा उनीहरूलाई नै संलग्न गराएर सिक्ने वातावरण बनाउने कार्य शिक्षकले गर्नुपर्छ किनकि सुनेको भन्दा देखेको कुरा लामो समय स्मरणमा रहन्छ, गरेको कुरा सिकिन्छ भन्ने भनाइ रहेको छ । कक्षाकोठामा शारीरिक तथा मानसिक रूपमा अपाङ्ग र विभिन्न भाषिक समुदाय, समाजमा पछाडि परेका दलित, जनजाति आदि समुदायबाट आएका विद्यार्थीलाई अनकूल हुने गरी समावेशी शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्न आवश्यक छ ।

स्थानीय विषयका शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बढी मात्रामा प्रत्यक्ष रूपमा अवलोकन गराउने, काम गर्न लगाएर सिकाउने, विषयसँग सम्बन्धित स्थानीय व्यक्तिसँग भेट गराउने, उनीहरूको कार्यालयमा लगेर सँगै काम सिकाउने, विषयसँग सम्बन्धित व्यक्तिलाई विद्यालयमा स्रोत व्यक्तिका रूपमा बोलाएर सिकाउन लगाउने गर्ने सकियो भने शिक्षणसिकाइ क्रियाकलाप प्रभावकारी हुने छ । विद्यालयमा लामो समय बिदा भएको अवस्थामा समेत समुदायमा गएर सिक्ने वातावरण बनाइदिनुपर्छ ।

स्थानीय पाठ्यकमका विषयवस्तुलाई एकआपसमा र अन्य विषयसँग अन्तरसम्बन्धित र एकीकृत हुने गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकेमा सिकाइ अर्थपूर्ण, रुचिकर हुन सहयोग पुग्ने भएकाले शिक्षकले सिकाइ क्रियाकलाप छनोट गर्दा विभिन्न विषयवस्तु र विषय क्षेत्र बिचको अन्तरसम्बन्ध ध्यान दिनु आवश्यक छ । विद्यार्थीका सिकाइस्तर र मानसिक तथा शारीरिक अवस्था विषयवस्तुको प्रकृति हेरी प्रयोगात्मक कार्य, सोधखोज, अध्ययन भ्रमण र प्रतिवेदन प्रस्तुतीकरण, भूमिका अभिनय, समूह छलफल आदि विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलापमा प्राथमिकता दिनुपर्दछ । हिजोआज विद्यार्थी मूल्याङ्कनलाई पनि शिक्षण सिकाइ क्रियाकलापसँगै अभिन्न अङ्गको रूपमा लिने गरिएको छ । त्यसैले क्रियाकलापसँगै कुन विद्यार्थीले कसरी सिकिरहेको छ, सिक्यो वा सिकेन भन्ने कुराको पनि सँगै मूल्याङ्कन गर्दै जानु र नसिकेकालाई सुधारात्मक शिक्षण गर्दै जानुपर्दछ । स्थानीय पाठ्यक्रममा शिक्षण सिकाइ क्रियाकलाप कक्षाकोठामा मात्र सीमित गर्नुहुँदैन ।

विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुऱ्याउने सम्भाव्य केही शिक्षण सिकाइ विधिहरू क्रियाकलापमुखी सिकाइमा जोड दिई कक्षा १-८ मा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । शिक्षकले यी र अन्य क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित सिकाइ विधि तथा प्रक्रिया छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । स्थानीय पाठ्यक्रममा रहेका विषयवस्तुको शिक्षणका लागि **कथाकथन एवं गीत विधि, आगमन विधि, भूमिका निर्वाह/अभिनय विधि, निर्माणात्मक कक्षा विधि, सहयोगात्मक कक्षा विधि, परियोजना कार्य, छलफल र प्रश्नोत्तर विधि, अन्वेषण, अनुसन्धान तथा खोज विधि, प्रविधियुक्त कक्षा विधि, सिर्जनात्मक कार्य, समस्या समाधान विधि, खेल विधि, प्रयोगात्मक विधि, भ्रमण, प्रदर्शन विधि, स्वाध्ययन तथा छलफल विधि, अन्तरक्रिया, उदाहरण र प्रयोग विधि, श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण** आदि प्रयोग गर्न सकिन्छ ।

### ३.३ स्थानीय पाठ्यक्रमका लागि प्रभावकारी विधिहरु

(१) **क्षेत्र भ्रमण** (Field Trip) : क्षेत्र भ्रमणअन्तर्गत विद्यार्थीहरूले आफ्नो पाठ्यवस्तुसँग सम्बन्धित रहेर कुनै निश्चित क्षेत्रको भ्रमण गरी प्रत्यक्ष रूपमा विषयको अनुसन्धनात्मक अध्ययन गर्दछन् । क्षेत्र भ्रमणले शिक्षक तथा विद्यार्थी दुवैलाई नियमित रूपमा कक्षाकोठामा हुने पठनपाठनबाट बाहिर जाने मौका प्रदान गर्ने हुँदा छुट्टै अनुभव र आनन्द दिन्छ । यसका निम्नानुसारका तीन मुख्य चरणहरू हुन्छन्:

**पहिलो चरण** : यस चरणमा भ्रमणको तयारी हुन्छ, जसअन्तर्गत शिक्षकले विद्यार्थीहरूलाई विषयवस्तु तथा गन्तव्यको परिचय गराई आवश्यक तयारी गर्छन्/गर्न लगाउँछन् ।

**दोस्रो चरण** : यस चरणमा शिक्षकको नेतृत्वमा विद्यार्थीहरू निर्दिष्ट गन्तव्य (क्षेत्र) मा पुग्दछन् र अवलोकन तथा अन्तक्रिया गर्दछन् ।

**तेस्रो चरण** : भ्रमण सकिएपछि आउने यस चरणमा सहभागीले भ्रमणबाट प्राप्त तथ्य तथ्याङ्कका विषयमा छलफल गरी निश्कर्ष निकाल्छन् । यसका अतिरिक्त शिक्षकले विद्यार्थीहरूलाई विभिन्न प्रश्न सोधी उत्तर खोज्ने र छलफल गर्ने पनि गर्दछन् । अध्ययन विश्लेषणका क्रममा माथि उल्लेख गरिएका विधिहरूभन्दा बाहेक अन्य विधिहरूको पनि चर्चा गरिएको पाइन्छ । यस्ता विधिहरूले पनि सिकाइको गतिमा विस्तार र विकास गर्न योगदान गर्दछन् ।

(२) **जिग्स (Jigsaw)** : जिग्स विधिलाई सहयोगात्मक विधि पनि भनिन्छ । एक आपसमा सहयोग गरेर सिकिने र सिक्न सकिने कुरालाई आधुनिक नवीन चिन्तनका रूपमा स्वीकार गरिएको छ । यसमा विज्ञ समूह र मातृसमूह रहन्छ । विज्ञ समूह, मातृ समूह र मातृ समूह, विज्ञ समूह भएर आफ्ना सिकाइ अनुभव आदानप्रदान गर्ने हुँदा यो विधि सिकाइका दृष्टिले उत्तम मानिन्छ । यस विधिका प्रक्रियागत चरण यसप्रकार छन् :

**पहिलो चरण** : विज्ञ समूहका लागि शिक्षकले प्रश्न निर्माण गरिन्छ । यो तयारी गर्दा हरेक समूहका लागि प्रश्न सेट तयार गरिन्छ र प्रश्न बनाउँदा तोकिएको पाठ्यांशबाट बनाइन्छ ।

**दोस्रो चरण** : शिक्षकले ४/५ जनाको समूह बनाई विद्यार्थीलाई मातृ समूहमा बस्न लगाउने । - एक आपसमा घुलमिल हुने र सौहार्द्रपूर्ण व्यवहार प्रदर्शन गर्ने परिवेश तयार गर्ने ।

**तेस्रो चरण :** शिक्षकले मातृ समूहका विद्यार्थीलाई विज्ञ समूहमा मिलेर काम गर्न लगाउने । मातृसमूहका कम्तीमा एक एक जनालाई विज्ञ समूहमा नेताको छनोट गर्ने ।

**चौथो चरण :** शिक्षकले प्रत्येक समूहलाई आफ्नो समूहमा परेको प्रश्नको उत्तर खोज्न लगाउने । विज्ञ समूहमा रहेर प्राप्त गरेको सूचना मातृ समूहमा गएर कसरी प्रस्तुत गर्ने भन्ने तयारी गर्ने । समस्या भए शिक्षकले सहयोग गर्ने ।

**पाँचौँ चरण :** विज्ञ समूहमा रहेर आर्जन गरेको ज्ञान मातृ समूहमा फर्केर प्रयोग गर्ने । निश्चित समयभित्र छलफल गरी टुङ्गोमा पुग्ने र आफ्नो विज्ञता प्रस्तुत गर्ने मौका दिइने । यसमा छलफल र प्रश्नोत्तरले विशेष प्राथमिकता पाउने ।

(३) **सोच जोडीमा छलफल आदानप्रदान (Think, Pair, Share)** : समान सोच भएका जोडीहरू बनाउन र तिनका माध्यमबाट सिकाइमा लगाव बढाइ पाठप्रति उत्सुकता जगाउन यो विधि उपयोगी मानिन्छ । सिर्जनशील छलफल गर्न र चिन्तन विकास गर्न यो विधि अवलम्बन गरिन्छ । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण** : शिक्षकले दिएका प्रश्नका विषयमा तोकिएको समयभित्र सोच विचार गर्ने ।

**दोस्रो चरण** : आफ्नो जोडीसँग छलफल गरेर साझा विचार बनाउने ।

**तेस्रो चरण** : सबै जोडीले आफ्ना विचार सबैसँग प्रस्तुत गर्ने । प्रस्तुत भएका विचार टिपोट गर्ने ।

(४) **मान्यता (Value line)** : मान्यतालाई सहयोगात्मक सिकाइ क्रियाकलापका रूपमा अर्थ्याइन्छ । अरुका फरक वा भिन्न विचार आउन सक्ने विषयमा विद्यार्थीलाई आफना विचार राख्न लगाउन उपयोग गरिन्छ । विचार वा भनाइमा हुने सहमति वा असहमतिका बिचको विभेद कारणसहित प्रस्तुत गर्नु वा अरुका तथ्यपरक विचारको सम्मान गर्नु यसको प्रमुख पक्ष हो । यस किसिमको रचनात्मक र सिर्जनात्मक गुण विद्यार्थीमा हुनुपर्दछ । यस प्रकारको  अभ्यासले कुनै विषयमा ध्यान दिने, त्यसमा आफ्नो राय दिने, अरुका धारणा सुन्ने, तथ्य र तर्क दिने, कारणसहित स्वीकार वा अस्वीकार गर्ने जस्ता पक्ष यसमा रहन्छन् । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण** : शिक्षकले कक्षालाई विपक्ष वा पक्षमा खडा हुने खालका प्रश्न सोध्ने । उत्तरका रूपमा प्राप्त तथ्य समर्थन वा विरोधका रूपमा प्रस्तुत हुने/हुनुपर्ने ।

**दोस्रो चरण** : हरेक विद्यार्थीले आफ्नो तथ्य र तर्क स्वतन्त्र भएर टिपोट गर्ने वा लेख्ने ।

**तेस्रो चरण** : शिक्षक र विद्यार्थी विपरीत दिशामा रहने र छलफल गर्न लागिएको विषय पनि विल्कुल उल्टो धारणा आउने प्रकृतिको रहेको/रहने/हुनुपर्ने ।

**चौथो चरण** : विद्यार्थीलाई आफ्नो राय वा मत मिल्ने समूहतिर लाग्न निर्देश गर्ने । यसले स्पष्ट रूपमा समूह बनाउने ।

**पाँचौँ चरण** : आफ्नो समूहका विद्यार्थीलाई छलफल गर्न लगाई मत फरक भए अर्को समूहमा पठाउने गर्नुपर्छ ।

**छैटौँ चरण** : दुवै समूहका विद्यार्थीले तर्क र तथ्यका आधारमा छलफल जारी राख्ने ।

**सातौँ चरण** : प्रत्येक समूहका प्रतिनिधि एक/एक जनालाई आफ्ना विचार प्रस्तुत गर्न लगाउने । तथ्य र तर्कमा आधारित रहेर गरिएको विचारलाई मान्यता दिने ।

(५) **अभिलेखीकरण तथा सिकाइ उपलब्धि/सक्षमता मापन** : विद्यार्थीहरूलाई आफूले सिकेका कुराहरूको अभिलेखीकरण गर्न लगाउनु पनि सहजीकरण प्रक्रियाको एक महत्त्वपूर्ण अङ्ग हो । यहाँ अभिलेखीकरण गर्नु भन्नुको अर्थ विद्यार्थीहरूले सिकेका कुराहरूलाई हुबहु कपीमा लेख्ने भन्न खोजिएको होइन । विद्यार्थीहरूले आफूले सिकेका कुराहरूको अभिलेखीकरण गर्ने क्रममा विषयवस्तुमा आधारित कथा, कविता, निबन्ध आदि लेख्ने, चित्र बनाउने, विभिन्न फोटोहरू टाँस्ने वा वास्तविक वस्तुहरू नै टाँस्ने, जस्तैः कुहिने र नकुहिने वस्तु छुट्याउने विषय छ भने कागजको टुक्रा र प्लास्टिक टाँस्ने, कुनै विरुवाको जीवनचक्र वा खेतीसम्बन्धी छ भने त्यसको बिउ, पातहरू टाँस्न सकिन्छ । कुनै विषय वस्तुमा क्षेत्र भ्रमण, अवलोकन आदि गराइएको छ भने त्यसको सामूहिक परियोजना कार्य गराई प्रस्तुत गर्न लगाउनुपर्छ । कुनै विषयवस्तुहरूमा विद्यार्थीहरूलाई सिपसँग सम्बन्धित सामग्रीहरू बनाउनलाई प्रस्तुत गर्न लगाउनुपर्छ । जस्तैः बाँसका सामग्री बनाउन लगाउने । विद्यार्थीहरूलाई विषयवस्तुको सहजीकरणका क्रममा यस्ता विभिन्न कार्यहरू गराउँदा उनीहरूसँग सिकेका कुराहरूको अभिलेख रहिरन्छ र भविष्यमा पूनरावलोकन गर्नसमेत सहज हुन्छ । यसरी विद्यार्थीहरूले गरेको अभिलेखको प्रस्तुति गर्न लगाई उनीहरूलाई सकरात्मक पृष्ठपोषण (Positive feedback) सहित हौसला प्रदान (Appreciation) गर्नुपर्दछ । विद्यार्थीहरूको अभिलेखीकरण, प्रस्तुति, अभिनय जस्ता कार्यहरूबाट सहजकर्ताले सहजीकरण गरेका विषयवस्तुहरूको सिकाइउपलब्धि, सक्षमता, सिप कति हाँसिल भयो भन्ने कुराको मापन समेत गर्न सक्छन् । सिकाइ सहजीकरणका क्रममा विद्यार्थीहरूको दैनिक कार्य, अनुभव, सिप तथा व्यवहारिक परिवर्तनको समेत अवलोकन गर्दै सहजकर्ताले समेत प्रत्येक विद्यार्थीहरूको दैनिक अभिलेख राख्ने कार्य सम्पन्न गरेपछि मात्र सहजीकरणको प्रक्रिया पूरा भएको मानिन्छ । विद्यार्थी तथा सहजकर्ता दुवैले राख्ने अभिलेखबाट विद्यार्थी मूल्याङ्कन प्रक्रिया सम्पन्न गर्न समेत सजिलो हुन्छ ।

## ३.४ विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित रूपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस मूल्याङ्क्न प्रणालीले जोड दिएको छ । यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइस्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्नसहयोग गर्दछ । स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरूलाई आवश्यकताअनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्र भ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमासमेत संलग्न गराई सोहीबमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको यकिन र आवश्यकताअनुसार सहजीकरण गर्नुपर्ने हुन्छ ।

### (क) निर्माणात्मक मूल्याङ्कन

शिक्षणसिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा लिइने विद्यार्थीको सिकाइको लेखाजाखा गरिने प्रक्रिया नै निर्माणात्मक मूल्याङ्कन भनिन्छ । यसलाई सुधारात्मक मूल्याङ्कन/निरन्तर मूल्याङ्कन

आदि पनि भन्ने गरिन्छ । विद्यार्थीले के-कति सिकिसकेका छन्, अब के सिकाउने, सिकाउन चाहेको कुरा सिके कि सिकेनन्, नसिकेका भए अब कुन तरिकाले सिकाउने भन्नेबारेमा जानकारी लिइने निर्माणात्मक मूल्याङ्कन हो । यसका माध्यमबाट विद्यार्थीका कमजोरी पत्ता लगाई थप सुधारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । यस्तो मूल्याङ्कन प्रक्रियाको माध्यमबाट प्रत्येक विद्यार्थीको सिकाइस्तर तथा रुचि पत्ता लगाउन सजिलो हुने हुँदा सिकाइमा सुधार गर्न सहयोग पुग्छ । निर्माणात्मक मूल्याङ्कनमा पनि विभिन्न मूल्याङ्कनका साधन प्रयोग गर्न सकिने भए पनि अवलोकनलाई सबैभन्दा प्रभावकारी साधनका रूपमा लिने गरिन्छ । यस्तो मूल्याङ्कन प्रक्रिया सबै तह र कक्षाका विद्यार्थीका लागि उपयोगी हुने भए पनि प्रारम्भिक कक्षाका विद्यार्थीका लागि निर्माणात्मक मूल्याङ्कन अझ बढी प्रभावकारी हुन्छ । विशेष गरेर आधारभूत तहका विद्यार्थीको निरन्तर मूल्याङ्कन गरेर त्यसको अभिलेख समेत राखी त्यसकै आधारमा कक्षोन्नति गर्नु राम्रो मानिन्छ । यसबाट विद्यार्थीको सिकाइमा सुधार हुनुको साथै साना बालबालिकालाई औपचारिक परीक्षा र त्यसबाट हुने तनावबाट मुक्त गर्न सकिन्छ । त्यसलै कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, दैनिक व्यवहार अध्ययनलगायतका कार्यबाट निरन्तर रूपमा विद्यार्थी मूल्याङ्कन गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नुपर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नुपर्दछ । विद्यार्थीको निश्चित सिकाइ क्रियाकलाप पछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर निर्धारण गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तरप्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ ।

**(ख) निर्णयात्मक मूल्याङ्कन**

आवधिक रूपमा लिखित तथा मौखिक परीक्षा लिएर त्यसका आधारमा कक्षा स्तरोन्नति गर्ने वा नगर्ने र विद्यार्थीको स्थान निर्धारण गर्ने उद्देश्यले गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कन प्रक्रियाबाट विद्यार्थीको सिकाइमा सुधार गर्ने अवसर कम हुन्छ । हाम्रा देशमा सबैभन्दा बढी निर्णयात्मक मूल्याङ्कन प्रक्रिया अपनाउने प्रचलन रहेको छ । यस्ता मूल्याङ्कन माथिल्लो तह र कक्षालाई उपयुक्त मानिए पनि साना उमेर र तल्ला तह तथा कक्षाका विद्यार्थीका लागि यस्तो मूल्याङ्कन प्रत्युत्पादक हुन सक्छ । यस्तो मूल्याङ्कन प्रक्रियामा प्रायःजसो परीक्षालाई मुख्य आधार बनाएर निर्णय लिइने हुँदा उपयुक्त प्रश्न बनाउन नसकेको अवस्थामा, परीक्षा सञ्चालनको वातावरण उपयुक्त नभएमा, परीक्षाका समयमा विद्यार्थीको शारीरिक तथा मानसिक अवस्था ठिक नभएमा त्यसबाट सही नतिजा ननिस्कन सक्छ । सही नतिजा आएन भने विद्यार्थीको मनोविज्ञानमा नकारात्मक असर पर्न सक्छ । त्यसबाट विद्यार्थीले पढाइमा ध्यान नदिने, विद्यालय नै छाड्ने, कुलतमा लाग्ने जस्ता अप्रिय घटना पनि घट्न सक्ने सम्भावना रहन्छ । त्यसैले विशेष गरेर साना कक्षामा यस्तो मूल्याङ्कन प्रक्रिया अपनाउनुहुँदैन भन्ने धारणाको विकास भएको पाइन्छ । आधारभूत तहका तल्ला कक्षामा निर्णयात्मक मूल्याङ्कन प्रणाली हटाई निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने र त्यसैका आधारमा कक्षोन्नति गर्नुपर्छ ।

स्थानीय पाठ्यक्रममा पनि पाठ्यक्रम बनाउने समयमा नै कस्तो प्रकारको मूल्याङ्कन प्रक्रिया अवलम्बन गर्ने हो, त्यसको खाका पाठ्यक्रममा नै उल्लेख गरिदिनुपर्छ । निर्माणात्मक मूल्याङ्कन प्रणाली मात्र अवलम्बन गर्ने हो कि निर्माणात्मक र निर्णयात्मक दुवै मूल्याङ्कन प्रणालीलाई मिश्रित रूपमा अवलम्बन गर्न हो, त्यसै सम्बन्धमा पाठ्यक्रमले निर्दिष्ट गर्नुपर्दछ । कस्तो मूल्याङ्कन प्रक्रिया अपनाउने भन्ने कुरा विद्यार्थीको उमेर र विषयवस्तुको प्रकृतिमा निर्भर गदर्छ । जुनसुकै प्रकारको मूल्याङ्कन प्रक्रिया अपनाए पनि मूल्याङ्कनका साधन विकास गर्ने क्रममा उद्देश्यलाई ध्यान दिनुपर्दछ । उद्देश्यले निर्धारण गरेअनुसारको मापन हुने गरी मूल्याङ्कनको साधन प्रयोग गर्नुपर्दछ ।

स्थानीय पाठ्यक्रममा विषयवस्तु प्रायः गरेर स्थानीय स्तरकै हुने हुँदा सैद्धान्तिकभन्दा पनि प्रयोगात्मक पक्षलाई बढी जोड दिनुपर्दछ । तल्ला कक्षामा निर्माणात्मक मूल्याङ्कन प्रणाली र माथिल्ला कक्षालाई मिश्रित प्रणाली उपयुक्त हुन्छ । यसलाई आधार मानी  देहायअनुसारको मूल्याङ्कन प्रक्रिया अवलम्बन गरिने छ :

१. प्राथमिक तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरिने भएकाले यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा पनि यसलाई अनुसरण गरिने छ ।

२. स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले गरेर, अवलोकन गरेर सिक्ने भएकाले नियमित सहभागिता, हौसला प्रदान गर्ने र प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गरिने छ ।

३. प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) फाइल रहने छ र त्यसभित्र विद्यार्थीको  कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यावहारिक परिवर्तन, अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताको अभिलेख रहने छ र त्यस आधारमा मूल्याङ्कन गरिने छ ।

४. कक्षा १-३ मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नति गरिनेछ । यसका लागि निरन्तर मूल्याङ्कन पद्धतिको अनुसूची १ र २ फारम प्रयोगमा ल्याउनुपर्ने छ । 'क' देखि 'ग' श्रेणीलाई आधार लिइने छ ।

५. कक्षा ४-८ मा ५०% निर्णयात्मक (वार्षिक परीक्षा) र ५०% निर्माणात्मक पद्धतिबाट विद्यार्थीको लेखाजोखा गरिनेछ । निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिनेछ । लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ३५ % हुने छ ।

६. निर्माणात्मक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गरिने छ ।

**विद्यार्थी मूल्याङ्कन/आवधिक परीक्षा योजना र ढाँचा**

विद्यार्थीको सिकाइ उपलब्धिका लागि अपनाइने ढाँचाका बारेमा यहाँ उल्लेख गरिएको छ :

**(क) निर्माणात्मक/प्रयोगात्मक परीक्षा (कक्षा १ देखि ३)**

औसत अङ्क विशिष्टीकरण तालिका अनुसूची १ (क) अनुसार गरिने छ ।

**(ख) औसत अङ्क विशिष्टीकरण तालिका (निर्माणात्मक मूल्याङ्कन) कक्षा : ४-८**

औसत अङ्क विशिष्टीकरण तालिका अनुसूची १ (ख) अनुसार गरिने छ ।

(ग) **निर्णयात्मक (आवधिक) परीक्षा**

कक्षा ४-८ को अक्षराङ्कमा मूल्याङ्क्न अनुसूची १ (ग) अनुसार गरिने छ ।

**(घ) विशिष्टीकरण तालिका**

अनुसूची १ (घ) मा रहेको विशिष्टीकरण तालिकाअनुसार प्रश्न निर्माण गरी मूल्याङ्कन गरिने छ ।

**(ङ) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया**

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियामा विद्यार्थी मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू, विद्यार्थी उपलब्धि स्तरको व्याख्या र निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख र स्तर निर्धारणका लागि अनुसूची २ को ढाँचा प्रयोग गरिने छ ।

*विद्यार्थी मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू अनुसूची २ (क) अनुसार गरिने छ ।*

*विद्यार्थी उपलब्धि स्तरको व्याख्याका लागि अनुसूची २ (ख) अवलम्बन गरिने छ ।*

*निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख र स्तर निर्धारण अनुसूची २ (ग) अवलम्बन गरिने छ ।*

*निरन्तर विद्यार्थी मूल्याङ्कन विवरण नमुनाका लागि अनुसूची २ (घ) हेर्न सकिने छ ।*

*विद्यार्थी मूल्याङ्कन अभिलेख फारम नमुनाका लागि अनुसूची २ (ङ) हेर्न सकिने छ ।*

**३.५ समय निर्धारण (पाठ्यभार)**

औपचारिक शिक्षाका पाठ्यक्रम तयार गर्दा समयको पनि ख्याल गरिनुपर्दछ । स्थानीय विषयलाई छुट्याइएको समय अवधिभित्र रहेर विषयवस्तुको चयन गर्नुपर्दछ । उक्त विषयलाई साप्ताहिक रूपमा कति समय छुट्याइएको छ, सो को आधारमा एक शैक्षिक सत्रलाई कति घन्टा हुन्छ र सो समयावधिभित्र कति विषयवस्तु पठनपाठन गर्न सकिन्छ, त्यति नै विषयवस्तु छनोट गर्नुपर्दछ । समग्रमा विषयवस्तु र समयको तालमेल मिलाइसकेपछि त्यसभित्र पनि कुनै एकाइ वा पाठलाई अनुमानित कति समय चाहिन्छ, छुट्याउनु राम्रो हुन्छ । वर्षभरिमा विद्यालय खुल्ने दिन कति हो, खुलेका दिनमध्ये कति दिन पठनपाठन गर्ने, परीक्षा सञ्चालनका लागि कति समय आवश्यक पर्छ, यी सबै कुरालाई विचार पुऱ्याएर पाठ्यक्रम निर्माणकै कममा शिक्षण सिकाइ, क्रियाकलाप र मूल्याङ्कनका लागि अनुमानित समय (पाठ्यभार) विभाजन गर्न जरुरी हुन्छ । यसरी पाठ्यक्रम तयारीकै क्रममा समय विभाजन गर्न सकियो भने शिक्षकले वार्षिक, मासिक योजना बनाउन र विषयवस्तुको आधारमा एकाइ तथा पाठयोजना बनाउन सजिलो हुन्छ । वि.सं. २०८० देखि कक्षा १-८ का सबै कक्षामा कार्यान्वयन हुने आधारभूत तहको स्थानीय पाठ्यक्रमअन्तर्गत कक्षा १-३ मा साप्ताहिक पाँच पाठ्यघन्टा अर्थात् वार्षिक १६० घन्टा छुट्याइएको छ भने ४-८ कक्षामा साप्ताहिक ४, पाठ्यघन्टा अर्थात् वार्षिक १२८ घन्टा छुट्याइएको छ । ।

### ३.६ पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

प्रस्तुत पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्त्वपूर्ण हुने छ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अवलम्बन गरिने छ । स्थानीय समुदायका विज्ञ, बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय तथा क्षेत्रमा जानकार व्यक्तिहरू स्रोतव्यक्तिका रूपमा रहने छन् । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यअनुसार स्थानीय भाषा, नेपाली भाषा अवलम्बन गर्न सक्ने छन् । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइने छ । विद्यार्थीहरूको समूहकार्य र अन्तरक्रियालाई जोड दिइने छ । पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको विकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रियासम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिने छ ।

प्रस्तुत पाठ्यक्रमको कार्यान्वयनका लागि पाठ्यसामग्री लेखन कार्य गरिने छ । यो पाठ्यक्रमअनुसार शैक्षिक सत्र २०८० बाट पठनपाठन हुने छ । पाठ्यक्रमअनुरूपको पाठ्यपुस्तकको निर्माण उच्च तहका पाठ्यपुस्तक, राष्ट्रिय पाठ्यक्रमअनुरूपका विद्यालय तहका पाठ्यपुस्तक र स्थानीय पाठ्यक्रमअनुसार पाठ्यपुस्तक लेखन कार्य गरेका अनुभवी विशेषज्ञलाई जिम्मा दिई यसै शैक्षिक सत्रभित्र पूरा गरिने छ । पाठ्यक्रममा कार्यान्वयनमा स्थानीय पाठ्यसामग्रीहरूको आवश्यक पर्ने भएकाले शिक्षक, अभिभावक र विद्यार्थीहरू मार्फत स्थानीय शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग गर्न सकिन्छ ।

### ३.७ पाठ्यक्रम परिमार्जन

समय परिर्वतनशील हुने भएकाले सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँगै व्यक्ति तथा समुदायको पनि इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि परिवर्तन हुन्छन् । उक्त चाहना तथा आवश्यकताहरू पाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीहरूको ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकोस् । यसैअनुरूप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न आवश्यकताअनुसार परिमार्जन हुने छ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको खोज, अनुसन्धान र अध्ययन गरी प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ ।

# अनुसूची

**अनुसूची १**

**विद्यार्थी मूल्याङ्कन/आवधिक परीक्षा योजना र ढाँचा**

(क) **निर्माणात्मक/प्रयोगात्मक परीक्षा**

कक्षा : १-३

औसत अङ्क विशिष्टीकरण तालिका

| क्र.स. | कार्य विवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | १० |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | १० |
| ३ | कक्षाकार्य/गृहकार्य | १० |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | ३० |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | ३० |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | १० |
| **जम्मा** | | **१००** |

(ख) **निर्माणात्मक/प्रयोगात्मक परीक्षा**

**कक्षा : ४-८**

औसत अङ्क विशिष्टीकरण तालिका (निर्माणात्मक मूल्याङ्कन)/ आन्तरिक मूल्याङ्कन

| | | |
|---|---|---|
| सहभागिता | उपस्थिति | २ |
| | समूहकार्य | १ |
| | कक्षाकार्य ,गृहकार्य | १ |
| परियोजना कार्य | अध्ययन प्रतिवेदन लेखन | १६ |
| | रचनात्मक कार्य | १० |
| | नक्साकार्य,चित्रलेखन | १० |
| त्रैमासिक परीक्षा | प्रथम त्रैमासिक परीक्षा | ५ |
| | दोस्रो त्रैमासिक परीक्षा | ५ |
| जम्मा | | ५० |

उल्लिखित कार्य विवरणलाई अनिवार्य विषयमा जस्तै चारओटा आधारमा मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुपर्ने छ ।

**(ग) निर्णयात्मक (आवधिक) परीक्षा**

कक्षा : ४-८ पूर्णाङ्क : ५०      उत्तीर्णाङ्क : अक्षराङ्क्मा मूल्याङ्क्न गरिने समय : १ घण्टा ३० मिनेट

औसत प्रश्न तालिका (तहगत रूपमा)

| ज्ञान तह (Knowledge Level) | बोध तह (Understanding Level) | उच्च तह (Higher Abilities) |
|---|---|---|
| % | ४० % | % |

(घ) कक्षा ४-८ को प्रश्नपत्र निर्माण योजना **(Specification Grid)**

| प्रश्न / क्षेत्र | सङ्क्षिप्त उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न सङ्ख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | | |
| १. हाम्रो सरावल | २ | १ | २ | | | | १ | ५ | ५ | ३ | ७ |
| २.हाम्रो धर्म, संस्कृति र संस्कार | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| ३.स्थानीय परम्परागत पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि । | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| ४.सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू | १ | १ | १ | | | | १ | ५ | ५ | २ | ६ |
| ५.योग-ध्यान, व्यायाम र स्थानीय खेल | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| ६.स्वास्थ्य, सरसफाइ र फोहोर व्यवस्थापन | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| ७. प्रकोप र विपद् व्यवस्थापन | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| ८.नैतिक मूल्य, मान्यता र सदाचार | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| ९. स्थानीय कृषि र प्राकृतिक सम्पदा | १ | १ | १ | १ | ३ | ३ | १ | ५ | ५ | ३ | **९** |
| १०. सामाजिक व्यक्तित्व एवं सङ्घ-संस्था | १ | १ | १ | १ | ३ | ३ | | | | २ | **४** |
| जम्मा | ११ | | ११ | ८ | | २४ | | | | २२ | **५०** |

**नोट**

**१.**प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्नहरू निर्माण गर्नुपर्दछ ।

२.ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नुपर्ने छ ।

अनुसूची २

## निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया

### (क) विद्यार्थी मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू

| क.स. | मूल्याङ्कन आधार/सूचक | मूल्याङ्कनका सम्भावित साधन |
|---|---|---|
| १. | कक्षामा उपस्थिति तथा व्यावहारिक परिवर्तन | अवलोकन, दैनिक क्रियाकलाप, अभिभावक प्रतिक्रया, रुजु सूची, हाजिरी फारम, रुब्रिक्स |
| २. | समूह निर्माण तथा समूहमा सहभागिता | अवलोकन, रुजु सूची, फारम, दैनिक क्रियाकलाप, रुब्रिक्स |
| ३. | क्रियाकलापको योजना निर्माण | अवलोकन फारम, रुजु सूची, रुब्रिक्स, लेखन तरिका |
| ४. | क्रियाकलापको नमूना निर्माण/क्रियाकलाप सम्पन्न | प्रस्तुति अवलोकन फारम, रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, श्रव्य तथा दृष्य सामग्री, |
| ५. | शब्द निर्माण/उत्तर लेखन/प्रतिवेदन तयारी/नमुनाको चित्र | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री, प्रस्तुति अवलोकन फारम, लेखन शैली |
| ६. | रचनात्मक कार्य/प्रस्तुति/अभिनय/प्रश्नको मौखिक उत्तर | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री, मौखिक प्रश्न, प्रस्तुति अवलोकन फारम आदि । |

### (ख) विद्यार्थी उपलब्धि स्तरको व्याख्या

| उपलब्धि स्तर | स्तर मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी कम्तीमा उपलब्धिस्तर ३ पुऱ्याउने प्रयास गर्नुपर्दछ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीकोउपलब्धिस्तरमा

सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनु पर्दछ भने अन्यलाई माथिल्लो स्तरका लागि सिकाइका लागि अवसर उपलब्ध गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइक्षेत्रका सिकाइउपलब्धिहरूको सिकाइ परीक्षणपश्चात् सो सिकाइक्षेत्रको औसत सिकाइ उपलब्धिस्तरसमेत गणना गरेर विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ । यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरसहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनलाई आवश्यकताअनुसार विद्यार्थीको सिकाइस्तरको सुनिश्चितता गर्न, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावि सिकाइका लागि योजना तयार गर्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले प्रयोग गर्न सक्दछन् ।

**विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन**

विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिकाको व्यवस्थापन निम्नानुसार गर्नुपर्दछ :

(१) विषक्षेत्रगत रूपमा प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ

(२) कार्यसञ्चयिका फायलमा विद्यार्थीको प्रगति स्पष्ट देखिने किसिमका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिला मिलाई । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ । यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुनसक्छ । सरावल

(३) कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरमा राखिनु पर्छ ।

(४) प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका भएमा फायललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिषक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

(ग) निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख र स्तर निर्धारण

| क.स. | मूल्याङ्कन आधार/सूचक | उच्च | राम्रो | सामान्य | कमजोर |
|---|---|---|---|---|---|
| १. | कक्षामा उपस्थिति तथा व्यावहारिक परिवर्तन | ४ | ३ | २ | १ |
| २. | समूह निर्माण तथा समूहमा सहभागिता | ४ | ३ | २ | १ |
| ३. | क्रियाकलापको योजना निर्माण | ४ | ३ | २ | १ |
| ४. | क्रियाकलापको नमूना निर्माण/क्रियाकलाप सम्पन्न | ४ | ३ | २ | १ |
| ५. | शब्द निर्माण/उत्तर लेखन/प्रतिवेदन तयारी/नमुनाको चित्र | ४ | ३ | २ | १ |
| ६. | रचनात्मक कार्य/प्रस्तुति/अभिनय/प्रश्नको मौखिक उत्तर | ४ | ३ | २ | १ |
| | **जम्मा** | २४ | १८ | १२ | ६ |

(घ) निरन्तर विद्यार्थी मूल्याङ्कन विवरण नमुना

कक्षा :........... विषय :......................... विद्यार्थीको नाम :..........................................रोल नं. :.........

| विषय क्षेत्र/पाठ | अपेक्षित सिकाइ उपलब्धि/सक्षमता | मूल्याङ्कन आधार/सिकाइ उपलब्धि सूचक | नियमित पढाइ पछिको मूल्याङ्कन | मिति | थप सहायता पछिको मूल्याङ्कन | मिति | समग्र सिकाइ उपलब्धि स्तर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | सिकाइ उपलब्धि स्तर | | सिकाइ उपलब्धि स्तर | | | |
| | | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**नोट :** स्तर निर्धारण गर्नका लागि पाठको निर्धारित सिकाइ उपलब्धिमा आधारित भई विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरेको नगरेको मूल्याङ्कन गर्न माथिका सूचकहरूको प्रयोग गर्नुपर्दछ ।

**विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फारामहरू**

१. सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ । विद्यार्थीको सिकाइ स्तर पहिचान गर्नका लागि प्रयोग गर्न सकिने केही साधनका उदाहरण यहाँ दिइएको छ । शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा प्रयोग गरेका साधनमध्ये फाराममा उल्लेख भएमा त्यसमा चिह्न लगाउनुपर्छ । फाराममा उल्लेख भएका बाहेक अन्य साधन प्रयोग गरेको भए सो साधनको उल्लेख सोही लहरमा उल्लेख गर्नुपर्छ ।

२. प्रत्येक सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी यकिन गनुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्राप्त गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएकोमूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा विद्यार्थीले १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेख भएअनुसार अभिलेखित गर्नुपर्छ ।

४. सामान्यतया प्रत्येक विद्यार्थीको सिकाइस्तर न्यूनतम ३ पुर्‍याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ भन्दा माथि जान सकेन भने त्यसकोकारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुर्‍याउनु अपेक्षित छ ।

५. विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\textbf{विषय क्षेत्रगत } \text{उपलब्धि प्रतिशत सूत्र} = \frac{\textbf{उपलब्धि स्तरको अङ्कको जोड} \times १००}{\textbf{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिको संख्या} \times ४}$$

$$= ९३.७५ \text{ प्रतिशत (लेटर ग्रेड } A^{+})$$

सबै विषयको विषयगत उपलब्धि प्रतिशत र ग्रेड निकालिसकेपछि तलको अभिलेखीकरण तालिकामा उपलब्धि प्रतिशत माथि उल्लिखित प्रतिशतको वर्गान्तरण तालिकाअनुसार राख्नुपर्छ ।

विषयगत रूपमा ग्रेड निर्धारण गरेपश्चात तपसीलको सूत्र प्रयोग गरी औसत स्तरीकृत अङ्क (GPA) निकाल्नुपर्छ । यसका लागि सर्वप्रथम तल तालिकामा दिइएअनुसार Weighted Grade Point (WGP) को योगफल निकाल्नु पर्छ ।

Sum of weighted Grade Point (WGP) = Credit hour of Nepali $\times$ Obtained GP in Nepali + Credit hour of English $\times$ Obtained GP in English + Credit hour of Math $\times$ Obtained GP in Math + Credit

hour of Our Surrounding × Obtained GP in Our Surrounding + Credit hour of Local subject Hamro Suddhodhan × Obtained GP in× Hamro Suddhodhan.

अब निम्नअनुसार स्तरीकृत औसत अङ्क (GPA) निकालिन्छ:

$$GPA = \frac{\text{Sum of WGP}}{\text{Total Credit of the class}}$$

| उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धि स्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|
| ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |
| ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |

**(ङ) विद्यार्थी मूल्याङ्कन अभिलेख फारम नमुना**

**विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण**

विद्यालयको नाम : ...................................................................

ठेगाना :............................................ विद्यार्थीको नाम :..........................................

जन्म मिति : .......................................................कक्षा/रोल न.. :....................

विद्यार्थीको घरको ठेगाना : ..........................................................................

पारिवारिक विवरण : आमाको नाम : .........................................पेसा : .......................... सम्पर्क नं. : .......................... बाबुको नाम : ................................................................ पेसा : .......................... सम्पर्क नं. : ..........................

बाबुआमाबाहेक अरू कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको नाम : ..................................................पेसा : .......................... सम्पर्क नं. : ..........................

विद्यार्थीसँगको नाता : .......................... विद्यालय भर्ना मिति : ............................

**स्वास्थ्य सम्बन्धी विवरण**

**मितिः**............................ **तौल (के.जी.मा)** :......................... **उचाइ (से.मि.मा)** :............. कुनै विशेष रोग वा शारीरिक अपाङ्गता भएमा भएमा सो बारे टिपोटः ............................................................

शिक्षकको नाम र सही : ..................................... मिति : ....................

## सन्दर्भसामग्री


- *नेपालको संविधान,* २०७२, काठमाडौँ : नेपाल सरकार कानुन किताब समिति ।
- *स्थानीय सरकार सञ्चालन ऐन, २०७४,* काठमाडौँ : नेपाल सरकार कानुन किताब समिति ।
- *राष्ट्रिय पाठ्यक्रम प्रारूप,* २०७६, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।
- विद्यार्थी मूल्याङ्कन मार्गदर्शन २०७६, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।
- *स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित),* २०७६, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।





Projection System: MUTM, Spheroid - Everest 1830